कृषि विकास मन्त्रालय अन्तर्गतका परिषद्, बोर्ड, संस्थान,
कम्पनी र समितिहरूको

# परिचयात्मक विवरण

(आ.व.२०६८/२०६९)



नेपाल सरकार
कृषि विकास मन्त्रालय
अनुगमन तथा मूल्याङ्कन महाशाखा
सिंहदरबार, काठमाडौं
आषाढ, २०६९

कृषि विकास मन्त्रालय अन्तर्गतका
परिषद्, बोर्ड, संस्थान, कम्पनी र समितिहरुको

# परिचयात्मक विवरण

आ.व. २०६८/२०६९

नेपाल सरकार

कृषि विकास मन्त्रालय

## अनुगमन तथा मूल्याङ्कन महाशाखा

सिंहदरवार काठमाडौं

आषाढ, २०६९

प्रकाशकः
नेपाल सरकार
कृषि विकास मन्त्रालय
अनुमगन तथा मूल्यांकन महाशाखा
सिंहदरवार, काठमाडौं
नेपाल

फोन नं. : ४२११९१५
फ्याक्स् नं. ९७७-१-४२११८३९
ईमेलः me_moac@yahoo.com

आषाढ, २०६९

छपाईः ५०० प्रति

मुद्रकः पुष्पाञ्जलि छापाखाना
अनामनगर, काठमाडौं
फोन नं. ४२६१७५१

# मन्तव्य

कृषि क्षेत्रको विकासको लागि कृषि विकास मन्त्रालय अन्तर्गत विभिन्न समयमा विभिन्न प्रकृतिका परिषद्, बोर्ड,संस्थान, कम्पनी र समितिहरु स्थापना भई संचालनमारहेका छन् । यी संस्थाहरुले आम जनताले उपभोग गर्ने अत्यावश्यकीय वस्तु तथा सेवा उपलब्ध गराउनुको साथै अनुसन्धानात्मक, प्रबर्द्धनात्मक एवं नियमनकारी कार्य सम्पादन गर्दै आएका छन् । यस मन्त्रालय मार्फत कृषि क्षेत्रको लागि उपलब्ध श्रोत र साधनको आधारमा प्राथमिकता प्रदान गरी कार्यक्रम संचालन गर्ने शिलशिलामा मन्त्रालय र अन्तर्गतका विभागका अलावा परिषद्, बोर्ड, संस्थान, कम्पनी र समितिहरुले उल्लेखनीय भूमिका निर्वाह गर्दै आईरहेका छन् । साथै सरकारका नीति तथा कार्यक्रमहरु जस्तैः बजेट वक्तव्य तत्काल राहत, सुशासन कार्ययोजना, आर्थिक सम्बृद्धिको कार्ययोजना आदिको प्रभावकारी कार्यान्वयनमा समेत यी निकायहरुबाट प्राप्त सहयोग प्रशंसनीय छ ।

यस मन्त्रालयको अनुगमन तथा मूल्यांकन महाशाखाबाट यिनै परिषद्, बोर्ड, संस्थान, कम्पनी र समितिहरुको बारेमा विस्तृत जानकारी समेटिएको जानकारीमूलक प्रकाशन यहाँहरुमाझ ल्याउन गरेको प्रयास अत्यन्त प्रशंसनीय छ । यसबाट सेवाग्राहीहरुलाई मन्त्रालय अन्तर्गतका परिषद्, बोर्ड, संस्थान, कम्पनी र समितिहरुबाट सेवा लिन महत्वपूर्ण सहयोग मिल्नेछ र समन्वयात्मक ढङ्गले कार्य अघि बढाउन सहज हुनेछ भन्ने विश्वास लिएको छु ।

यो प्रकाशन तयार पार्ने क्रममा आवश्यक तथ्यांक एवं जानकारी उपलब्ध गराई प्रकाशनलाई पूर्णता प्रदान गर्न सहयोग गर्ने सवै निकायहरु धन्यवादका पात्र छन् । साथै प्रकाशनलाई यो रुपमा ल्याउने अनुगमन तथा मूल्यांकन महाशाखाका प्रमुख सहित प्रतिवेदन तयारीमा संलग्न सवैलाई धेरै धन्यवाद दिन चाहन्छु । धन्यवाद् !

कृषि विकास मन्त्रालय
सिंहदरवार
आषाढ, २०६९

(नाथु प्रसाद चौधरी)
सचिव

# भूमिका

कृषि विकास मन्त्रालय अन्तर्गत विभिन्न समयदेखि विभिन्न प्रकृतिका १२ वटा परिषद्, बोर्ड, संस्थान, कम्पनी र समितिहरु गठन भइ संचालनमा रहेका छन् । यस्ता संस्थाहरु विभिन्न उद्देश्यका साथ स्थापना भएकोमा यी संस्थाहरुले आफ्नो स्थापना पश्चात सरकारको दायित्वमा पर्ने धेरै किसिमका महत्वपूर्ण कार्यहरु सम्पादन गर्दै आएका छन् ।

यी परिषद्, बोर्ड, संस्थान, कम्पनी र समितिहरुले सरकारका नीति तथा कार्यक्रमहरुको कार्यान्वयनमा सहयोग पुर्‍याउनुको अलावा कृषिसंग सरोकारवाला विषयगत संस्थाहरुको क्षमता अभिबृद्धि एवं बजार प्रबर्द्धन गर्ने, रोजगारीका अवसरहरु श्रृजना गर्ने, अनुसन्धान एवं प्रविधि प्रसार गरी कृषि क्षेत्रको व्यवसायिकरणमा टेवा पुऱ्याउने कार्यमा उल्लेखनिय योगदान दिदै आएका छन् । समग्रमा यी संस्थाहरुले सरकारको दायित्वमा पर्ने भूमिका निर्वाह गर्न सकारात्मक सहयोग गरेको पाईएको छ ।

यी संस्थाहरुको भूमिका अहम् हुँदाहुँदै पनि यस्ता संस्थाहरु कहिले गठन भए र कसरी संचालित छन् भन्ने यथार्थ विवरण सेवाग्राहीहरुले सहज रुपमा पाउन नसकेको हालको अवस्था छ । संस्थाहरुको कार्य प्रकृति कस्तो छ र यस्ता संस्थाहरुबाट सेवाग्राहीले के कस्तो सेवा पाउँछन् भन्ने सम्बन्धमा समेत स्पष्टता नभएको परिप्रेक्ष्य छ । साथै, यी संस्थाहरुले कहाँ कहाँबाट सेवा प्रदान गर्दछन् र तिनीहरुबाट सेवा लिन के कस्तो प्रकृया पुरा गर्नुपर्छ भन्ने समेत थाहा पाउन मेहनत गर्नुपर्ने अवस्था छ ।

यसै सन्दर्भलाई दृष्टिगत गरी कृषि विकास मन्त्रालय अन्तर्गतका परिषद्, बोर्ड, संस्थान, कम्पनी र समितिहरुको बारेमा जानकारीहरु समेटिएको प्रकाशन यहाँहरु माझ ल्याउने प्रयास गरीएको हो । यस मन्त्रालयबाट परिषद्, बोर्ड, संस्थान, कम्पनी र समितिहरुको बारेमा जानकारीमूलक विवरण संलग्न गरी प्रकाशनको रुपमा ल्याउन गरीएको यो पहिलो प्रयास हो । यथासक्य छिटो प्रकाशन गर्ने कोशिसको बाबजूद यी निकायहरुमा सम्बन्धित पदाधिकारीहरुको फेरबदलले पनि यस प्रकाशन छपाई गर्ने कार्य केही ढिलो हुन गएको छ । तथापि यस प्रकाशनमा अधिकभन्दा अधिक जानकारी समावेश गर्ने प्रयास गरिएको छ । पहिलो प्रयास भएकोले केही कमी कमजोरी निश्चयनै हुन सक्छन्, त्यसैले यस प्रकाशनलाई आगामी वर्षहरूमा अझ बढी उपयोगी बनाउन समग्र पाठकहरूबाट रचनात्मक प्रतिकृया एवं सुझावहरूको अपेक्षा राखेको छु ।

यस प्रकाशनले आम सेवाग्राहीहरुलाई यी संस्थाहरुबाट सेवा लिन सहज हुनेछ भन्ने विश्वास लिएको छु । साथै, सम्बन्धित योजनाविद्, अनुसन्धानकर्ता, कार्यक्रम कार्यान्वयन गर्ने निकाय लगायत कृषि विकाससंग जानकारी राख्न चाहने सबैका लागि यो प्रकाशन उपयोगी हुनसक्ने विश्वास लिएको छु ।

अन्त्यमा, यस प्रकाशनको लागि आवश्यक विवरण एवं तथ्यांकहरू संकलन, विश्लेषण र लेखन कार्यमा सक्रिय रुपले लाग्नुभएका यस महाशाखाका वरिष्ठ कृषि अर्थविज्ञ श्री रामबाबु अधिकारी र कृषि अर्थविज्ञ श्री भोजराज सापकोटालाई विशेष धन्यवाद् दिन चाहन्छु । साथै प्रकाशन तयारका लागि सामाग्री संकलन कार्यमा जुट्नुहुने कृषि अर्थविज्ञ त्रय श्री बुद्धिनाथ भट्टराई, श्रीमती मीना कँडेल र श्री जयेन्द्र मान सुल्यालाई धन्यवाद दिन चाहन्छु ।

(आनन्द रत्न बज्राचार्य)
सह-सचिव
अनुगमन तथा मूल्याङ्कन महाशाखा

कृषि विकास मन्त्रालय
सिंहदरवार
आषाढ, २०६९

विषय सूची


| क्र. सं. | विषय | पेज नं. |
|---|---|---|
| क. | नेपाल कृषि अनुसन्धान परिषद् | |
| | १. परिचय | १ |
| | २. संगठनात्मक स्वरुप | १ |
| | ३. परिषद् र यसको कार्यकारी समितिको पदाधिकारीहरु | ३ |
| | ४. बजेट रकम र श्रोत | ५ |
| | ५. अर्न्तगतका निकाय र कार्यालयको विवरण | ८ |
| | ६. हाल प्रदान गरिएका सेवाहरु | ८ |
| | ७. हालसम्म हाँसिल भएका मुख्य मुख्य उपलब्धिहरु | १६ |
| | ८. मुख्य कार्यालयको ठेगाना | १६ |
| ख. | नेपाल पशु चिकित्सा परिषद् | २३ |
| | १. परिचय | २३ |
| | २. संगठनात्मक स्वरुप | २४ |
| | ३. परिषद् र यसको कार्यकारी समितिको पदाधिकारीहरु | २४ |
| | ४. बजेट रकम र श्रोत | २५ |
| | ५. अर्न्तगतका निकाय र कार्यालयको विवरण | २६ |
| | ६. हाल प्रदान गरिएका सेवाहरु | २६ |
| | ७. हालसम्म हाँसिल भएका मुख्य मुख्य उपलब्धिहरु | २६ |
| | ८. मुख्य कार्यालयको ठेगाना | २६ |
| ग. | दुग्ध विकास संस्थान | २७ |
| | १. परिचय | २७ |
| | २. संगठनात्मक स्वरुप | ३० |
| | ३. संचालक समितिको पदाधिकारीहरु | ३१ |
| | ४. बजेट रकम र श्रोत | ३१ |
| | ५. अर्न्तगतका निकाय र कार्यालयको विवरण | ३२ |
| | ६. हाल प्रदान गरिएका सेवाहरु | ३३ |
| | ७. हालसम्म हाँसिल भएका मुख्य मुख्य उपलब्धिहरु | ३३ |
| | ८. मुख्य कार्यालयको ठेगाना | ३५ |

घ. कृषि सामग्री कं.लि. ३६
१. परिचय ३६
२. संगठनात्मक स्वरुप ३८
३. संचालक समितिको पदाधिकारीहरु ३९
४. बजेट रकम र श्रोत ३९
५. अर्न्तगतका निकाय र कार्यालयको विवरण ४०
६. हाल प्रदान गरिएका सेवाहरु ४१
७. हालसम्म हाँसिल भएका मुख्य मुख्य उपलव्धिहरु ४२
८. मुख्य कार्यालयको ठेगाना ४२

ङ. राष्ट्रिय बीउ बिजन कं. लि. ४३
१. परिचय ४३
२. संगठनात्मक स्वरुप ४४
३. संचालक समितिको पदाधिकारीहरु ४५
४. बजेट रकम र श्रोत ४६
५. अर्न्तगतका निकाय र कार्यालयको विवरण ४६
६. हाल प्रदान गरिएका सेवाहरु ४८
७. हालसम्म हाँसिल भएका मुख्य मुख्य उपलव्धिहरु ४८
८. मुख्य कार्यालयको ठेगाना ५१

च. राष्ट्रिय दुग्ध विकास बोर्ड ५२
१. परिचय ५२
२. संगठनात्मक स्वरुप ५३
३. कार्यकारी समितिको पदाधिकारीहरु ५६
४. बजेट रकम र श्रोत ५७
५. अर्न्तगतका निकाय र कार्यालयको विवरण ५७
६. हाल प्रदान गरिएका सेवाहरु ५७
७. हालसम्म हाँसिल भएका मुख्य मुख्य उपलव्धिहरु ५७
८. मुख्य कार्यालयको ठेगाना ५७

छ. राष्ट्रिय चिया तथा कफि विकास बोर्ड ५८
१. परिचय ५८
२. संगठनात्मक स्वरुप ५९
३. बोर्डको पदाधिकारीहरु ६०
४. बजेट रकम र श्रोत ६१
५. अर्न्तगतका निकाय र कार्यालयको विवरण ६२
६. हाल प्रदान गरिएका सेवाहरु ६३
७. हालसम्म हाँसिल भएका मुख्य मुख्य उपलब्धिहरु ६३
८. मुख्य कार्यालयको ठेगाना ६४

ज. कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति ६५
१. परिचय ६५
२. संगठनात्मक स्वरुप ६८
३. संचालक समितिको पदाधिकारीहरु ६९
४. बजेट रकम र श्रोत ७१
५. अर्न्तगतका निकाय र कार्यालयको विवरण ७१
६. हाल प्रदान गरिएका सेवाहरु ७१
७. हालसम्म हाँसिल भएका मुख्य मुख्य उपलब्धिहरु ७३
८. मुख्य कार्यालयको ठेगाना ७९

झ. कपास विकास समिति ८०
१. परिचय ८०
२. संगठनात्मक स्वरुप ८२
३. संचालक समितिको पदाधिकारीहरु ८३
४. बजेट रकम र श्रोत ८४
५. अर्न्तगतका निकाय र कार्यालयको विवरण ८५
६. हाल प्रदान गरिएका सेवाहरु ८५
७. हालसम्म हाँसिल भएका मुख्य मुख्य उपलब्धिहरु ८६
८. मुख्य कार्यालयको ठेगाना ८७

ञ. पशु आहारा उत्पादन विकास समिति ८८
१. परिचय ८८
२. संगठनात्मक स्वरुप ८९

३. संचालक समितिको पदाधिकारीहरु ९०
४. बजेट रकम र श्रोत ९१
५. अर्न्तगतका निकाय र कार्यालयको विवरण ९१
६. हाल प्रदान गरिएका सेवाहरु ९१
७. हालसम्म हाँसिल भएका मुख्य मुख्य उपलव्धिहरु ९१
८. मुख्य कार्यालयको ठेगाना ९२

ट. चन्द्रडाँगी बीउ बिजन तथा दुग्ध उत्पादन विकास समिति ९३
१. परिचय ९३
२. संगठनात्मक स्वरुप ९४
३. संचालक समितिको पदाधिकारीहरु ९४
४. बजेट रकम र श्रोत ९५
५. अर्न्तगतका निकाय र कार्यालयको विवरण ९५
६. हाल प्रदान गरिएका सेवाहरु ९५
७. हालसम्म हाँसिल भएका मुख्य मुख्य उपलव्धिहरु ९५
८. मुख्य कार्यालयको ठेगाना ९८

ठ. नेपाल उखु तथा चिनी विकास समिति ९९
१. परिचय ९९
२. संगठनात्मक स्वरुप १००
३. संचालक समितिको पदाधिकारीहरु १००
४. बजेट रकम र श्रोत १०२
५. अर्न्तगतका निकाय र कार्यालयको विवरण १०२
६. हाल प्रदान गरिएका सेवाहरु १०२
७. हालसम्म हाँसिल भएका मुख्य मुख्य उपलव्धिहरु १०२
८. मुख्य कार्यालयको ठेगाना १०२

# क) नेपाल कृषि अनुसन्धान परिषद्

## १. परिचय

### पृष्ठभूमि

नेपालमा कृषि अनुसन्धान सन् १९५० को दशकबाट शुरु भएको हो। शुरुका वर्षहरुमा देशका विभिन्न भौगोलिक क्षेत्रमा कृषि फार्महरुको स्थापना र ललितपुरको खुमलटारमा विषयगत महाशाखाहरु स्थापना भए। सन् १९७२ मा धान, मकै, गहुँ, उखु र आलुबाली अनुसन्धान कार्यक्रमहरु स्थापना भए। सन् १९८० को दशकमा आएर कृषिको विकासको लागि स्वायत्त कृषि अनुसन्धान संस्थाको आवश्यकता महसुस भयो र सन् १९८७ मा कृषि विभागअन्तर्गत राष्ट्रिय कृषि अनुसन्धान तथा सेवा केन्द्र (National Agricultural Research and Service Centre) को रुपमा अनुसन्धानसम्बद्ध निकायहरुको पुनर्गठन भयो। सन् १९९१ मा नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ लागु भई कृषि मन्त्रालयलाई सम्पर्क मन्त्रालय तोकी नेपाल कृषि अनुसन्धान परिषद् एक स्वायत्त संस्थाको रुपमा स्थापना भयो।

नेपाल कृषि अनुसन्धान परिषदले बाली, बागवानी, पशुपन्छी र मत्स्य आदिको अध्ययन र अनुसन्धानबाट प्रविधिको विकास गरी सरोकारवाला निकायहरुलाई हस्तान्तरण गर्दै आइरहेको छ। कृषकलाई आवश्यक पर्ने रोग, कीरा, माटोसँग सम्बन्धित समस्याहरुको पहिचान गरी आवश्यक परामर्श दिने र गुणस्तरीय स्रोत बीउ, बेर्ना तथा वस्तु उत्पादन कार्यक्रमहरु पनि परिषद्अर्न्तगत संचालन हुँदै आईरहेको छ।

### दृष्टिकोण

निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा परिणत गरी दीगो जीविकोपार्जनको लागि उपयुक्त प्रविधिको विकास एवं विस्तार गर्न तथा खाद्य सुरक्षा र गरीबी निवारणमा टेवा पुऱ्याउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवाला संस्थाहरुबीच समन्वय र सहकार्यको माध्यमबाट राष्ट्रिय कृषि अनुसन्धान प्रणालीलाई सुदृढ गर्ने।

### उद्धेश्य

- कृषिसम्बन्धी उच्चस्तरीय अध्ययन तथा अनुसन्धान गर्ने, गराउने।
- कृषि उत्पादन एवं गुणस्तर बढाउनको लागि कृषि क्षेत्रका समस्याहरुको निराकरणका उपायहरु पत्ता लगाई आवश्यक प्रविधि, ज्ञान तथा सीपहरुको खोजपूर्ण अध्ययन गर्ने।
- राष्ट्रिय कृषि नीतिको तर्जुमाको लागि नेपाल सरकारलाई आवश्यक सहयोग पुऱ्याउने।

### नीति तथा कार्यनीतिहरु

**कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याई गरीबी घटाउन र खाद्य सुरक्षामा टेवा पुऱ्याउन अनुसन्धानमूलक सेवा तथा प्रविधि विकास कार्यलाई सुदृढ र विस्तार गर्ने।**

(क) उच्च गुणस्तरीय उत्पादन सामग्री (श्रोत बीउ, बेर्ना, वस्तु, भुरा) र स्थान विशेष प्रविधिको लागि विभिन्न क्षेत्रमा रहेका कृषि अनुसन्धान केन्द्रहरुलाई स्रोत केन्द्रको रुपमा सुदृढ गर्ने।

(ख) वाह्य अनुसन्धान कार्यक्रममार्फत कृषक र कृषि प्रसारकर्मीहरुको सहभागितामा नयाँ नयाँ प्रविधिहरुको प्रमाणीकरण र हस्तान्तरण प्रक्रिया प्रभावकारी बनाउने।

(ग) गरीब, दलित र जनजातीमुखी अनुसन्धान कार्यक्रमहरुलाई बढावा दिने।

**दिगो कृषि उत्पादन वृद्धिमा सहयोग पुऱ्याउन उपयुक्त प्रविधिहरुको विकास गर्ने ।**

(क) विभिन्न कृषि बाली तथा बागवानीको जातीय विकास तथा पशुपन्क्षी र माछाको नश्ल सुधार गर्ने कार्यलाई निरन्तरता दिने ।

(ख) रोग, कीरा, परजिवी नियन्त्रण र माटोको उर्वराशक्ति व्यवस्थापनसम्बन्धी अनुसन्धान कार्यक्रमहरुलाई विशेष जोड दिने ।

(ग) जलवायु परिवर्तनको नकारात्मक प्रभावहरुको न्यूनीकरणको लागि अनुकूलन प्रविधि विकासमा जोड दिने ।

(घ) युवा जनशक्तिलाई कृषि पेशामा आकर्षित गर्न तथा उच्च लागत खर्च घटाउन कृषि यान्त्रिकिकरण प्रविधिको विकास तथा उपयोगमा बढावा दिने ।

(घ) कृषि जैविक विविधता तथा पर्यावरण संरक्षण, सम्वर्द्धन र उपयोगमा महत्व राख्ने अनुसन्धान कार्यक्रमहरुलाई विशेष प्राथमिकताका साथ सञ्चालन गर्ने ।

(ङ) प्रविधि विकासमा तीब्रता ल्याउन र कृषिलाई आधुनिकिकरण गर्न जैविक प्रविधिको विकास तथा उपयोगमा विशेष जोड दिने ।

**कृषिजन्य उद्योग एवं व्यवसायको प्रवर्द्धन गर्दै आन्तरिक बजार विकासको साथै निर्यात प्रवर्द्धन गर्न आवश्यक अनुसन्धानमूलक सेवा प्रदान र प्रविधि विकास गर्ने ।**

(क) व्यावसायिक कृषिका लागि आवश्यक प्रविधि एकीकृत प्याकेजको रुपमा विकास गर्ने ।

(ख) कृषि तथा कृषिजन्य वस्तुलाई उत्पादनोपरान्त मूल्य अभिवृद्धि तथा विविधिकरण गर्ने प्रविधिको विकासमा जोड दिने ।

(ग) कृषिजन्य उद्योगलाई उपयुक्त बाली, बागवानी, पशुपन्क्षी, मत्स्य आदिको विकास र तिनका लागि आवश्यक प्रविधि विकास कार्यहरुलाई प्राथमिकता दिने ।

(घ) उच्च मुल्य पर्ने वस्तुहरुको गुणस्तरीय उत्पादनको लागि आवश्यक प्रविधिहरुको विकासमा विशेष जोड दिने ।

(ङ) व्यावसायिक कृषि प्रवर्द्धनको लागि सामाजिक आर्थिक नीति र बजार व्यवस्थासम्बन्धी अनुसन्धान गर्ने ।

**विद्यमान संरचना तथा जनशक्तिको क्षमता विकास गर्ने ।**

(क) परिषद् र कृषिसम्बन्धी अध्ययन संस्थाहरु/विश्व विद्यालयहरुको संयुक्त तत्वावधानमा गुणस्तरीय जनशक्तिको विकास गर्ने । साथै परिषद्अन्तर्गत मानित विश्वविद्यालय स्थापना गर्ने ।

(ख) नयां विकसित प्रविधिहरुको विस्तार गर्न विषय विशेषज्ञहरुलाई अद्यावधिक तालिम प्रदान गर्ने ।

(ग) विभिन्न राष्ट्रका कृषि अनुसन्धान संस्थाहरु र अर्न्तराष्ट्रिय सस्थाहरुसँग भएका द्विपक्षीय सम्झौताअनुसार वैज्ञानिक तथा प्राविधिज्ञहरुको आदान प्रदान कार्यक्रम गर्ने ।

**परिषद्को जिम्मेवारी र कार्य क्षेत्र**


परिषद्को उद्देश्यअनुसारका अनुसन्धान केन्द्र, कार्यक्रम तथा महाशाखा/इकाईहरु र सरोकारवाला अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुसमेतको सहभागितामा निम्न क्षेत्रहरुमा कार्यक्रमहरु संचालन गरी प्रविधि विकास गर्ने कार्य भइरहेको छ ।

- बाली अनुसन्धान कार्यक्रम
- बागवानी अनुसन्धान कार्यक्रम
- पशुपन्छी अनुसन्धान कार्यक्रम
- मत्स्य अनुसन्धान कार्यक्रम
- बाह्य अनुसन्धान कार्यक्रम
- मल्टिसेक्टरल अनुसन्धान कार्यक्रम

## २. संगठनात्मक स्वरुप

नेपाल कृषि अनुसन्धान परिषद्मा परिषद् र कार्यकारी समिति गरी दुई तहका निर्णायक अंग रहेका छन्। यसको साथै परिषद्को कार्यक्रम संचालनको लागि काठमाडौंको सिंहदरबारप्लाजामा अवस्थित मुख्य कार्यालयको अतिरिक्त देशका विभिन्न भौगोलिक स्थानहरुमा १५ वटा वस्तुगत अनुसन्धान कार्यक्रमहरु, ४ वटा क्षेत्रीय कृषि अनुसन्धान केन्द्रहरु, १३ वटा कृषि अनुसन्धान केन्द्रहरु, खुमलटारमा २ वटा राष्ट्रिय अनुसन्धान प्रतिष्ठानहरु र सोसँग सम्बद्ध १६ वटा विषयगत महाशाखा/इकाईहरु, खुमलटारमै राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र र ५ वटा क्रसकटिङ् महाशाखा/इकाईहरु गरी कुल ५६ वटा कार्यालयहरु स्थापित छन् । कृषि अनुसन्धानबाट प्राप्त उन्नत प्रविधि कृषककै थलोमा प्रमाणिकरण गर्न तथा प्रविधि विस्तारको लागि ४८ वटा वाह्य अनुसन्धान स्थलमा कार्यक्रम संचालन हुँदै आएको छ। चारवटै क्षेत्रीय कृषि अनुसन्धान केन्द्रअन्तर्गत एक–एकवटा नमुना प्रविधि गाउँ (Model Technology Village) को स्थापना गरी सहभागितामूलक अनुसन्धान कार्य पनि गर्दै आएको छ। साथै राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र (जीन बैंक) स्थापना भई स्थानीय बाली तथा जैविक वस्तुहरुको संरक्षण सम्वर्द्धन गर्ने कार्यको शुरुवात भएको छ।

## नेपाल कृषि अनुसन्धान परिषद्को संगठनात्मक संरचना



**परिषद्को उद्देश्य अनुरुप कार्य सम्पादनको लागि निम्नानुसारको जनशक्तिको व्यवस्था गरिएको छ।**

| पदको नाम | परिषद्को स्विकृत दरबन्दी | कार्यरत कर्मचारी संख्या | करार/अस्थाथी कर्मचारी |
|---|---|---|---|
| वैज्ञानिक | ४०६ | २४३ | |
| प्राविधिक अधिकृत | ४०८ | २९५ | |
| प्राविधिक | ६०० | ३६५ | |
| लेखा | ७० | ६१ | |
| प्रशासन | ३३९ | २४५ | १ (कानुनी सल्लाहकार) |
| **कुल जम्मा** | **१८२३** | **१२४९** | **१** |

## ३. नेपाल कृषि अनुसन्धान परिषद् र यसको कार्यकारी समितिको पदाधिकारीहरू

### ३.१ परिषद् (Council) को वहालवाला पदाधिकारीको नामावली:

| क्र. सं. | पद | वहालवाला पदाधिकारीको नाम | नियुक्ती मिति | सम्पर्क ठेगाना | सम्पर्क फोन नम्वर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अध्यक्ष, पदेन | मा. कृषि मन्त्री वा राज्य मन्त्री | | कृषि विकास मन्त्रालय | ४२११९२९ | |
| २ | सदस्य, पदेन | सदस्य, राष्ट्रिय योजना आयोग (कृषि क्षेत्र हेर्ने) | | राष्ट्रिय योजना आयोग | ४२११५६७ | |
| ३ | सदस्य, पदेन | श्री नाथु प्रसाद चौधरी सचिव, कृषि विकास मन्त्रालय | २०६८।०४।८ | कृषि विकास मन्त्रालय | ४२११८०८ | |
| ४ | सदस्य, पदेन | श्री कृष्णहरि वांस्कोटा सचिव, अर्थ मन्त्रालय | २०६८।०२।४ | अर्थ मन्त्रालय | ४२१११६१ | |
| ५ | सदस्य, पदेन | डा. नविनकुमार घिमिरे, सचिव, वन तथा भु-संरक्षण मन्त्रालय | २०६८।१०।२३ | वन तथा भु-संरक्षण मन्त्रालय | ४२११५६७ | |
| ६ | सदस्य, पदेन | डा. केशव भट्टराई, सचिव, विज्ञान तथा प्रविधि मन्त्रालय | २०६६।०५।२६ | विज्ञान तथा प्रविधि मन्त्रालय | ४२११८६० | |
| ७ | सदस्य, पदेन | प्रा. डा. प्रकाशचन्द्र अधिकारी, सचिव, नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान | २०६७।०९।२७ | नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान, खुमलटार | ५५४७७२१ | |
| ८ | सदस्य, पदेन | प्रा. डा. सुन्दर मान श्रेष्ठ, डीन, कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, रामपुर | ०६४।०४।२९ | कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, रामपुर | ०५६-५८१००२<br>५५३१८११<br>४३३३९०२ | |
| ९ | सदस्य, मनोनित | श्री चौधरी नागेन्द्र राय यादव | ०६८।०४।१० (२ वर्ष | सह प्रध्यापक कृषि तथा पशु | ९८४५०५०९०७ | कृषि अनुसन्धानको |

| क्र. सं. | पद | वहालवाला पदाधिकारीको नाम | नियुक्ती मिति | सम्पर्क ठेगाना | सम्पर्क फोन नम्वर | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | अवधि) | विज्ञान अध्ययन संस्थान, रामपुर | | क्षेत्रमा योगदान पुऱ्याइ सम्वन्धित संस्थामा कार्यरत वैज्ञानिकहरु मध्येबाट नेपाल सरकारद्धारा मनोनित २ जना, विभागीय मन्त्रीस्तर निर्णयानुसार मनोनित |
| १० | सदस्य, मनोनित | श्री परशुराम लाल कर्ण | २०६८।९।२८ (२ वर्ष अवधि) | जनकपुधाम-८, धनुषा | ९७२१५२९५४६ | |
| ११ | सदस्य, मनोनित | डा. भारतेन्दु मिश्र | २०६८।४।२६ (२ वर्ष अवधि) | पिपरा गा.वि.स.-९, महोत्तरी | ९८५११३१७२७ | प्रतिष्ठित व्यावसायिक कृषक वा परिषदको सेवाबाट निवृत्त वैज्ञानिकहरु मध्येबाट नेपाल सरकारबाट मनोनित २ जना, विभागीय मन्त्रीस्तर निर्णयानुसार मनोनित |
| १२ | सदस्य, मनोनित | श्री चित्त रन्जन यादव | २०६८।४।२६ (२ वर्ष अवधि) | ईनरुवा न.पा.-७, सुनसरी | ९८४२४३८२९८ | |
| १३ | सदस्य, मनोनित | श्री सन्तोष चन्द्र कुंवर | २०६९।१।६ (२ वर्ष अवधि) | ओखरबोट मार्ग, नयाँ वानेश्वर, काठमाडौं | ९८५१०२६०२२ | कृषि क्षेत्रमा संलग्न उद्यमीहरु मध्येबाट नेपाल सरकारबाट मनोनित १ जना, विभागीय मन्त्रीस्तर निर्णयानुसार मनोनित |
| १४ | सदस्य, मनोनित | श्री उपेन्द्र प्रसाद शाह कषि अनुसन्धानको क्षेत्रमा गैह्र सरकारी संधरसंस्थामा संलग्न प्रतिनिधि | ०६८।०४।१० (२ वर्ष अवधि) | गम्हरिया प्रवाह गा.वि.स. ८ सप्तरी | ९८१५७९२६०८ ९८०४७३४७२२९ | कृषि अनुसन्धानको क्षेत्रमा गैर सरकारी संघ संस्थामा संलग्न व्यक्तिहरु मध्येबाट नेपाल |

| क्र. सं. | पद | वहालवाला पदाधिकारीको नाम | नियुक्ती मिति | सम्पर्क ठेगाना | सम्पर्क फोन नम्वर | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | सरकारद्धारा मनोनित १ जना, विभागीय मन्त्रीस्तर निर्णयानुसार मनोनित |
| १५ | सदस्य, मनोनित | नवल किशोर यादव परिषद्मा कार्यरत अनुभवी कृषि वैज्ञानिक | ०६८।०४।१० (२ वर्ष अवधि) | नेपाल कृषि अनुसन्धान परिषद् सिंहदरवार प्लाजा | ९८५१०३५०८५ | परिषद्मा कार्यरत अनुभवी कृषि वैज्ञानिकहरु मध्येबाट नेपाल सरकारबाट मनोनीत १ जना, विभागीय मन्त्रीस्तर निर्णयानुसार मनोनित |
| १६ | सदस्य सचिव | डा. दिल बहादुर गुरुङ्ग कार्यकारी निर्देशक | २०६८।८।२६ (४ वर्ष अवधि) | नेपाल कृषि अनुसन्धान परिषद् सिंहदरवार प्लाजा | ४२५६८०७ ९८५११०२९२५ | म.प.को निर्णयानुसार नियुक्ती |

## ३.२ कार्यकारी समितिका हाल वाहालवाला पदाधिकारीको नामावली:

| क. सं. | पद | वहालवाला पदाधिकारीको नाम | वहाल मिति | सम्पर्क ठेगाना | सम्पर्क फोन नम्वर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अध्यक्ष | डा. दिल वहादुर गुरुङ कार्यकारी निर्देशक | २०६८।०२।२३ | नेपाल कृषि अनुसनधान परिषद् सिंहदरवारप्लाजा | ४२५६८०७ ९८५११०२९२५ | १ |
| २ | सदस्य | | | कृषि विकास मन्त्रालय, सिंहदरवार | ४२११६६५ | १ |
| ३ | सदस्य | श्री भवकृष्ण भट्टराई, सह-सचिव, रा.यो.आ. | २०६६।०७६ | संस्थान समन्वय महाशाखा, रा.यो.आ. सिंहदरवार | ४२१११४७ | १ |
| ४ | सदस्य | डा. श्याम किशोर साह महा- निर्देशक, कृषि विभाग | २०६६।०५।१९ | कृषि विभाग, हरिहरभवन | ५५२१३२३ | १ |
| ५ | सदस्य | डा. नरबहादुर रजवार महा- निर्देशक, पशु सेवा विभाग | २०६८।०७।०८ | पशु सेवा विभाग, हरिहरभवन | ५५२१६१० | १ |

| क्र. सं. | पद | वहालवाला पदाधिकारीको नाम | वहाल मिति | सम्पर्क ठेगाना | सम्पर्क फोन नम्वर | कैफियत |
|---|---|---|---|---|---|---|
| ६ | सदस्य | श्री तोयम राय उप-महानिर्देशक, आन्तरिक राजस्व विभाग | २०६७।१०।१० | आन्तरिक राजस्व विभाग, ववरमहल | ४४२२११२ | १ |
| ७ | सदस्य | परिषद्को क्षेत्रीय स्तरको कार्यालय प्रमुखहरु मध्येबाट | - | - | - | २ |
| ८ | सदस्य | टेक वहादुर गुरुङ्ग, निर्देशक, ने.कृ.अ.प. | २०६८।०९।१९ | नेपाल कृषि अनुसन्धान परिषद् | २४६२४४० | २ |

नोटः पदेन सदस्य भए- १, मनोनित भए- २ भनि कैफियत महलमा उल्लेख गरिएको ।

## ४. बजेट रकम र श्रोत

(रु. हजारमा)

| आ.व. | आफ्नै स्रोत | नेपाल सरकार | अन्य स्रोत (अनुदान) | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| २०६४।६५ | _ | ३८३५०० | ४१००० | ४२४५०० | |
| २०६५।६६ | _ | ५०७ ६०० | २४०० | ५१०००० | |
| २०६६।६७ | _ | ५६०००० | _ | ५६०००० | |
| २०६७।६८ | _ | ९८०००० | _ | ९८०००० | |
| २०६८।६९ | _ | १०६०००० | _ | १०६०००० | |

## ५. नेपाल कृषि अनुसन्धान परिषद् अर्न्तगतका निकाय र कार्यालयको विवरण

| क्र. सं. | कार्यालयको नाम | मुख्य कार्यहरू/ प्रदान गरिने सेवाहरू | ठेगाना | सम्पर्क व्यक्तिको नाम | फोन नम्बर | फ्याक्स नम्बर | वेभसाईट तथा इ-मेल |
|---|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय कृषि अनुसन्धान प्रतिष्ठान | विषयगत महाशाखा अन्तर्गतका बाली तथा बागवानी अनुसन्धान कार्यक्रमको समन्वय | खुमलटार, ललितपुर | डा. निरन्जन प्रसाद अधिकारी | ५५२५७०३ | ५५४०८१३ | www.narc.gov.np |
| २ | बाली विज्ञान महाशाखा | बालीसम्बन्धी प्रविधि विकास तथा स्रोत बीउ उत्पादन | खुमलटार, ललितपुर | डा. जगतदेवी रंजित | ५५२३१४३ ५५२७७४८ | | agronomydivision@ gmail.com |
| ३ | बाली रोग विज्ञान महाशाखा | बाली बिरुवामा लाग्ने रोग व्यवस्थापन र च्याउखेती सम्बन्धी प्रविधि विकास | खुमलटार, ललितपुर | डा. वैद्यनाथ महतो | ५५२३१४३ ५५३२६७२ | | www.plantpatho-narc.gov.np ppd @narc.gov.np |

| क्र. सं. | कार्यालयको नाम | मुख्य कार्यहरू/ प्रदान गरिने सेवाहरू | ठेगाना | सम्पर्क व्यक्तिको नाम | फोन नम्बर | फ्याक्स नम्बर | वेभसाईट तथा इ–मेल |
|---|---|---|---|---|---|---|---|
| | | तथा च्याउको बीउ उत्पादन | | | | | |
| ४ | कीट विज्ञान महाशाखा | बाली बिरुवामा लाग्ने कीराव्यवस्थापन र मौरीपालन सम्बन्धी प्रविधि विकास | खुमलटार, ललितपुर | डा. श्रीबाबा प्रधान | ५५२११४१<br>५५३६२२४ | | ento@narc.gov.np |
| ५ | माटो विज्ञान महाशाखा | माटोको उर्वराशक्ति बढाउन प्रविधि विकास र राइजोवियम कल्चर उत्पादन | खुमलटार, ललितपुर | सुरेन्द्र प्रसाद श्रीवास्तव | ५५२११४९<br>५५२३११६ | | ssd@narc.gov.np |
| ६ | कृषि वनस्पति महाशाखा | विभिन्न बालीको प्रजनन् तथा जातीय विकाससम्बन्धी प्रविधि विकास | खुमलटार, ललितपुर | डा.शम्भु प्रसाद खतिवडा | ५५२१६१४<br>५५२१६१५ | | shambhukhatiwada @ gmail.com |
| ७ | कृषि इन्जिनियरिङ्ग महाशाखा | कृषि यान्त्रिकिकरण तथा सिँचाईसम्बन्धी प्रविधि विकास | खुमलटार, ललितपुर | गणेश साह | ५५२१३५१<br>५५२१३०७ | | aednarc@ wlink.com.np |
| ८ | व्यावसायिक बाली अनुसन्धान महाशाखा | चिया तथा कफी जस्ता व्यावसायिक बालीका खेती सम्बन्धी प्रविधि विकास | खुमलटार, ललितपुर | प्रदीप कुमार यादव | ५५४५९२१ | | ccd@narc.com.np |
| ९ | बागवानी अनुसन्धान महाशाखा | फलफूल, तरकारी र पुष्पको जातीय तथा खेती प्रविधि विकास | खुमलटार, ललितपुर | डा. कृष्ण प्रसाद पौडेल | ५५४१९४४ | | hrd@narc.gov.np |
| १० | बीउ विज्ञान तथा प्रविधि अनुसन्धान शाखा | बीउ बिजनसम्बन्धी प्रविधि विकास तथा स्रोत बीउ उत्पादन कार्यको समन्वय | खुमलटार, ललितपुर | डा. ज्वाला बज्राचार्य | ५५२३०४० | | seedtech@wlink. com.np |
| ११ | बायोटेक्नोलोजी युनिट | कृषिसम्बन्धी जैविक प्रविधि विकास | खुमलटार, ललितपुर | डा. विन्देश्वर साह | ५५३९६५८ | | biotech@narc.gov.np<br>http://biotech-narc.gov.np |
| १२ | खाद्य अनुसन्धान इकाई | खाद्य परिकार तथा खाद्य प्रविधि विकास | खुमलटार, ललितपुर | मान बहादुर श्रेष्ठ | ५५४४४५९ | | shrestham6@hotmail.com |
| १३ | वाह्य | कृषकको थलोमा | खुमलटार, | डा. | ५५४०८१७ | ५५२७६९५ | outreachdivision@ yahoo.com |

| क्र. सं. | कार्यालयको नाम | मुख्य कार्यहरू/ प्रदान गरिने सेवाहरू | ठेगाना | सम्पर्क व्यक्तिको नाम | फोन नम्बर | फ्याक्स नम्बर | वेभसाईट तथा इ–मेल |
|---|---|---|---|---|---|---|---|
| | अनुसन्धान महाशाखा | सहभागितामूलक परीक्षण तथा समन्वय | ललितपुर | मीननाथ पौडेल | | | |
| १४ | सामाजिक आर्थिक तथा कृषि अनुसन्धान नीति महाशाखा | कृषकको सामाजिक आर्थिक तथा कृषिसम्बन्धी नीति अनुसन्धान | खुमलटार, ललितपुर | डा. देवेन्द्र गौचन | ५५४०८१८ | | sarpod@narc.gov.np |
| १५ | संचार, प्रकासन तथा अभिलेख महाशाखा | अनुसन्धानबाट प्राप्त भएका प्रविधिहरुको प्रसार, प्रकाशन तथा अभिलेख राख्ने | खुमलटार, ललितपुर | विष्णुहरि अधिकारी | ५५२३०४१ | ५५२११९७ | cpdd@narc.gov.np cpdd@narc.org.np |
| १६ | राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र | कृषि बाली, वस्तु तथा जैविक स्रोतका गुणहरुको पहिचान र तिनका दीर्घकालीन संरक्षण तथा सर्म्वद्धन | खुमलटार, ललितपुर | मदनराज भट्ट | ५००३१२५ | ५००३३३१ | nagrc2010@yahoo.com |
| १७ | कृषि वातावरण इकाई | वातावरण अनुकूलन कृषि प्रविधि विकास | खुमलटार, ललितपुर | डा. आनन्द कुमार गौतम | ५५३५९८१ | | env.narc@gmail.com |
| १८ | राष्ट्रिय पशु विज्ञान अनुसन्धान प्रतिष्ठान | विषयगत महाशाखा अन्तर्गतका पशुपन्छी तथा मत्स्य अनुसन्धान कार्यक्रमको समन्वय | खुमलटार, ललितपुर | डा. भोजराज जोशी | ५५४९३०० | ५५२४०४० | nasri@narc.gov.np bhoj.joshi@yahoo.com |
| १९ | पशु प्रजनन् महाशाखा | पशुपन्छीप्रजनन् तथा नश्ल सुधारसम्बन्धी प्रविधि विकास | खुमलटार, ललितपुर | डा. प्रकाश कुमार पोखरेल | ५५२३१६० ५५४०५११ | ५५३२९२२ | pkpokharel@gmail.com |
| २० | पशु आहारा महाशाखा | पशु आहारा तथा पोषणसम्बन्धी प्रविधि विकास | खुमलटार, ललितपुर | पुलकित मण्डल | ५५३२९३९ | | aand@narc.gov.np |
| २१ | पशु स्वास्थ्य अनुसन्धान महाशाखा | पशुपन्छीमा लाग्ने रोग व्यवस्थापन तथा भ्याक्सिन उत्पादनसम्बन्धी प्रविधि विकास | खुमलटार, ललितपुर | डा. रामपुकार ठाकुर | ५५५१८५५ ५५५१२९२ | | vetresearchdivision@gmail.com |

| क्र. सं. | कार्यालयको नाम | मुख्य कार्यहरू/ प्रदान गरिने सेवाहरू | ठेगाना | सम्पर्क व्यक्तिको नाम | फोन नम्बर | फ्याक्स नम्बर | वेभसाईट तथा इ–मेल |
|---|---|---|---|---|---|---|---|
| २२ | चरन तथा घाँसेबाली अनुसन्धान महाशाखा | भुईं घाँस तथा डाले घाँससम्बन्धी प्रविधि विकास | खुमलटार, ललितपुर | दिनेश परियार | ५५४२९०३ ५५२३०३८ | | pfrd1@wlink.com.np |
| २३ | मत्स्य अनुसन्धान महाशाखा | मत्स्यपालन, प्रजनन् तथा रोगसम्बन्धी प्रविधि विकास | गोदावरी | सुरेशकुमार वाग्ले | ५५८०१५५ ५५६०५६३ | ५५६०१४६ | frd@wlink.com.np pradhannita@ yahoo.com |
| २४ | राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रम | धानबालीको जातीय तथा खेती प्रविधि विकास र स्रोत बीउ उत्पादन | हर्दिनाथ, धनुषा | सुर्यनारायण साह | ०४१- ६२८०९५ ६२०८८४ | | nrrpjnk@yahoo.com sah_surya@ yahoo.com |
| २५ | राष्ट्रिय मकैबाली अनुसन्धान कार्यक्रम | मकैबालीको जातीय तथा खेती प्रविधि विकास र स्रोत बीउ उत्पादन | रामपुर, चितवन | डा. केशववावु कोइराला | ०५६- ५९१००१ | | nmrp2012@ gmail.com |
| २६ | राष्ट्रिय गहुँबाली अनुसन्धान कार्यक्रम | गहुँबालीको जातीय तथा खेती प्रविधि विकास र स्रोत बीउ उत्पादन | भैरहवा, रुपन्देही | जन्मेजय त्रिपाठी | ०७१- ५२०६६२ ५२२१९६ | | nwrp.bhairahawa@ gmail.com |
| २७ | राष्ट्रिय सुन्तलाजात अनुसन्धान कार्यक्रम | सुन्तलाजातका फलफूलको जातीय तथा खेती प्रविधि विकास र स्रोत बेर्ना उत्पादन | पारीपात्ले, धनकुटा | डा. पुरुषोत्तम प्रसाद खतिवडा | ०२६-५२००५ | | ncrpdhankuta@gma il.com |
| २८ | राष्ट्रिय व्यावसायिक कृषि अनुसन्धान कार्यक्रम | उच्च मूल्यका तथा व्यावसायिक बालीको जातीय तथा खेती प्रविधि विकास र स्रोत बीउ/बेर्ना उत्पादन | पाख्रिबास, धनकुटा | राम नारायण चौधरी | ०२६- ५४०३८१ | | arspakh@gmail.com |
| २९ | राष्ट्रिय आलुबाली अनुसन्धान कार्यक्रम | आलुबालीको जातीय तथा खेती प्रविधि विकास र स्रोत बीउ उत्पादन | खुमलटार | बुद्धिप्रकाश शर्मा | ५५२२११४ | | prp@narc.org.np |
| ३० | कोशेबाली अनुसन्धान कार्यक्रम | मुसुरो, रहर, चना, भटमास लगायतका दालबाली को जातीय तथा खेती प्रविधि विकास र स्रोत बीउ उत्पादन | रामपुर, चितवन | डा. रेणुका श्रेष्ठ | ०५६- ५९१००९ | | nglrp_rampur@ hotmail. com |

| क्र.सं. | कार्यालयको नाम | मुख्य कार्यहरू/ प्रदान गरिने सेवाहरू | ठेगाना | सम्पर्क व्यक्तिको नाम | फोन नम्बर | फ्याक्स नम्बर | वेभसाईट तथा इ–मेल |
|---|---|---|---|---|---|---|---|
| ३१ | पहाडीबाली अनुसन्धान कार्यक्रम | जौ, कोदो, फापरलगायतका पहाडी बालीको जातीय तथा खेती प्रविधि विकास र स्रोत बीउ उत्पादन | काभ्रे, दोलखा | भानुभक्त पोखरेल | ०४९-६९००३७ | | hcrpkabre@gmail.com |
| ३२ | तेलबाली अनुसन्धान कार्यक्रम | तोरी, रायो, बदाम, तिललगायतका तेलहन बालीको जातीय तथा खेती प्रविधि विकास र स्रोत बीउ उत्पादन | नवलपुर, सर्लाही | रेवति रमण चौधरी | ०५६-५७०००२ | | norp_nawalpur@yahoo.com |
| ३३ | अदुवा बाली अनुसन्धान कार्यक्रम | अदुवा तथा बेसार बालीको जातीय तथा खेती प्रविधि विकास र स्रोत बीउ उत्पादन | कपुरकोट, सल्यान | गोविन्द के.सी. | ०८८-६३०११४ | | kc.govindkc@gmail.com |
| ३४ | जुटबाली अनुसन्धान कार्यक्रम | जुट तथा रेशाबालीको जातीय तथा खेती प्रविधि विकास र स्रोत बीउ उत्पादन | इटहरी, सुनसरी | वहुरी प्रसाद चौधरी | ०२५-५८१०१८ | | juteitahari@yahoo.com |
| ३५ | उखुबाली अनुसन्धान कार्यक्रम | उखुबालीको जातीय तथा खेती प्रविधि विकास र स्रोत बीउ उत्पादन | जीतपुर, वारा | कैलाश प्रसाद भुडेर | ०५१-६९०४८९ | | srpnarc@rediffmail.com |
| ३६ | भेडा तथा वाखा अनुसन्धान कार्यक्रम | उच्च पहाडी भेगका भेँडाबाखाको नश्लसुधार र पालनसम्बन्धी प्रविधि विकास तथा स्रोत वस्तु उत्पादन | गुठिचौर, जुम्ला | लुमानिधि पाण्डे | ०८७-५२०१४० | | pandey_luma@yahoo.com |
| ३७ | गाई भैंसी अनुसन्धान कार्यक्रम | गाई भैंसीको नश्लसुधार तथा पालनसम्बन्धी प्रविधि विकास र स्रोत वस्तु उत्पादन | खुमलटार | डा. चेतराज उप्रेती | ५५२१४२३ | | crupreti55@gmail.com |
| ३८ | बंगुर तथा कुखुरा अनुसन्धान कार्यक्रम | बंगुर तथा कुखुराको नश्लसुधार तथा पालनसम्बन्धी | खुमलटार | डा. सुवर्णमान प्रधान | ५५२१६५० | | sarp@narc.gov.np |

| क्र.सं. | कार्यालयको नाम | मुख्य कार्यहरू/ प्रदान गरिने सेवाहरू | ठेगाना | सम्पर्क व्यक्तिको नाम | फोन नम्बर | फ्याक्स नम्बर | वेभसाईट तथा इ–मेल |
|---|---|---|---|---|---|---|---|
| | | प्रविधि विकास र स्रोत वस्तु उत्पादन | | | | | |
| ३९ | क्षेत्रीय कृषि अनुसन्धान केन्द्र, तरहरा | पुर्वाञ्चल क्षेत्र खासगरी तराई भेगको लागि उपयुक्त कृषि प्रविधिको विकास तथा स्रोत बीउ/बेर्ना/वस्तु/भुरा उत्पादन | तरहरा, सुनसरी | वेदानन्द चौधरी | ०१५-४७६४६२ ४७५५७८ | ४७६४६२ | rars.narc@gmail.com |
| ४० | कृषि अनुसन्धान केन्द्र, पाखिबास | पूर्वी पहाडी भेगको लागि उपयुक्त कृषि प्रविधिको विकास तथा स्रोत बीउ/बेर्ना/वस्तु उत्पादन | पाखिबास | राम नारायण चौधरी | ०२६-६२०५०३ ६२०५०४ | ५४०३८१ | arspakh@gmail.com |
| ४१ | क्षेत्रीय कृषि अनुसन्धान केन्द्र, परवानीपुर, वारा | मध्यमाञ्चल क्षेत्र खासगरी तराई भेगको लागि उपयुक्त कृषि प्रविधिको विकास तथा स्रोत बीउ/बेर्ना/वस्तु/भुरा उत्पादन | परवानीपुर, वारा | अनिसुर रहमान अन्सारी | ०५१-६२०३७६ ६२०३७९ | | rarspar@yahoo.com |
| ४२ | कृषि अनुसन्धान केन्द्र, बेलाचापी | केन्द्रको प्रभाव क्षेत्रको लागि उपयुक्त बाली तथा बागवानी प्रविधिको विकास तथा स्रोत बीउ/बेर्ना उत्पादन | बेलाचापी, धनुषा | पुर्णेन्दुशेखर शर्मा | ०४१-५४००२३ | | arsblcp@yahoo.com |
| ४३ | कृषि अनुसन्धान केन्द्र (चरन), धुन्चे | उच्च पहाडी भेगको लागि भुईं तथा डाले घाँसबालीको जातीय तथा खेती प्रविधि विकास र स्रोत बीउ/बेर्ना उत्पादन | रसुवा, धुन्चे | वीरेन्द्र खनाल | ०१०-५४०१३७ ५४०१३८ | ०१०-५४०१३७ ५४०१३८ | bkhanal2008@hotmail.com |
| ४४ | कृषि अनुसन्धान केन्द्र | नदीनालामा मत्स्य उत्पादन तथा चिसोपानीमा | त्रिशुली, नुवाकोट | गोपालप्रसाद लम्साल | ०१०-५६०२२६ | ०१०- | lamsal_gopal@yahoo.com |

| क्र. सं. | कार्यालयको नाम | मुख्य कार्यहरू/ प्रदान गरिने सेवाहरू | ठेगाना | सम्पर्क व्यक्तिको नाम | फोन नम्बर | फ्याक्स नम्बर | वेभसाईट तथा इ–मेल |
|---|---|---|---|---|---|---|---|
| | (मत्स्य), त्रिशुली | मत्स्यपालन सम्बन्धी प्रविधि विकास तथा स्रोत भुरा उत्पादन | | | | | |
| ४५ | कृषि अनुसन्धान केन्द्र (कृषि औजार), रानीघाट | कृषि औजार विकास तथा कृषि औजार प्रयोग सम्बन्धी प्रविधि विकास | रानीघाट, पर्सा | सचिन मिश्र | ०५१-५२२२३० | | aircranighat@gmail.com |
| ४६ | क्षेत्रीय कृषि अनुसन्धान केन्द्र, लुम्ले, कास्की | पश्चिमी पहाडी भेगको लागि उपयुक्त कृषि प्रविधिको विकास तथा स्रोत बीउ/बेर्ना/वस्तु उत्पादन | लुम्ले, कास्की | यमराज पाण्डे | ०६१-६२२१७४ ६२२३९९ | ५२२६५३ | rarslumle@gmail.com yrajpandey@yahoo.com |
| ४७ | कृषि अनुसन्धान केन्द्र (मत्स्य), पोखरा | ताल तथा रिजर भ्वायरमा मत्स्यपालन प्रविधिको विकास तथा स्रोत भुरा उत्पादन | वेगनास, कास्की | जयदेव विष्ट | ०६१–५६००८९ ०६१–४६२००४ | ५२२८५३ | jdbista@yahoo.com |
| ४८ | कृषि अनुसन्धान केन्द्र (बागवानी), मालेपाटन | केन्द्रको प्रभाव क्षेत्रको लागि उपयुक्त बागवानी सम्बन्धी प्रविधि विकास तथा स्रोत बीउ/बेर्ना उत्पादन | मालेपाटन, कास्की | राम बहादुर के.सी. | ०६१-५२०२२० ५२०३८५ | | aspar@yahoo.com |
| ४९ | कृषि अनुसन्धान केन्द्र (बाखा), बन्दिपुर | बाखाको नश्लसुधार तथा पालनसमबन्धी प्रविधि विकास तथा स्रोत वस्तु उत्पादन | बन्दिपुर, तनहुँ | राम प्रसाद घिमिरे | ०६५-६२०१६२ | | arsgoat@rediffmail.com ramghimire.narc@gmail.com |
| ५० | क्षेत्रीय कृषि अनुसन्धान केन्द्र, खजुरा | मध्य तथा सुदुर पशिचमाञ्चल क्षेत्र खासगरी तराई तथा भित्री मधेशको लागि उपयुक्त कृषि प्रविधि विकास | खजुरा, बाँके | देवकान्त चौधरी | ०८१-६२१२२६ ६२१२२७ | | rars.khajura@rediffmail.com |

| क्र. सं. | कार्यालयको नाम | मुख्य कार्यहरू/ प्रदान गरिने सेवाहरू | ठेगाना | सम्पर्क व्यक्तिको नाम | फोन नम्बर | फ्याक्स नम्बर | वेभसाईट तथा इ-मेल |
|---|---|---|---|---|---|---|---|
| | | तथा स्रोत बीउ/बेर्ना/वस्तु उत्पादन | | | | | |
| ५१ | कृषि अनुसन्धान केन्द्र (बाली), जुम्ला | केन्द्रको प्रभाव क्षेत्र खासगरी उच्च पहाडी भेगको लागि उपयुक्त बाली प्रविधि विकास तथा स्रोत बीउ उत्पादन | विजयनग, जुम्ला | रामबहादुर भुजेल | ०८७-५२००२३ ९१०१५९ | | rbbhujel@yahoo.com |
| ५२ | कृषि अनुसन्धान केन्द्र (बागवानी), जुम्ला | केन्द्रको प्रभाव क्षेत्र खासगरी उच्च पहाडी भेगको लागि उपयुक्त फलफूल तथा तरकारी खेती प्रविधि विकास तथा स्रोत बीउ/बेर्ना उत्पादन | राजकिोट, जुम्ला | गिरिधारी सुवेदी | ०८७-६९००२७ ६९०३४९ | | girisubedi2003@yahoo.com |
| ५३ | कृषि अनुसन्धान केन्द्र, दैलेख | केन्द्रको प्रभाव क्षेत्र खासगरी मध्य पश्चिमाञ्चलको पहाडी भेगको लागि बाली तथा बागवानी सम्बन्धी प्रविधि विकास तथा स्रोत बीउ/बेर्ना उत्पादन | किमुगाउँ, दैलेख | डा. तुलबहादुर पुन | ०८९-६९०३८६ | ४२०१५६ | arsdailekh@ntc.net.np anil.pokhrel@hotmail.com |
| ५४ | कृषि अनुसन्धान केन्द्र, डोटी | सुदुर पश्चिमी पहाडको लागि उपयुक्त बाली तथा बागवानी प्रविधि विकास तथा स्रोत बीउ/बेर्ना उत्पादन | भागेतडा, डोटी | हरिकुमार प्रसाईं | ०९४-४४०१६२ | | arsdoti@gmail.com |
| ५५ | कृषि अनुसन्धान केन्द्र, सुर्खेत | केन्द्रको प्रभाव क्षेत्रको लागि बाली तथा बागवानी प्रविधि बिकास तथा स्रोत बीउ/बेना उत्पादन | दशरथपुर, सुर्खेत | डा. ताराबहादुर घिमिरे | ०८३-६२०१२३ | | arsskt@yahoo.com tbghimire2009@gmail.com |

नोटः जिल्ला स्तरसम्मको कार्यालयको विवरण राखिएको ।

## ६. हाल प्रदान गरिएका सेवाहरू

| क्र. सं | सेवाको किसिम | लक्षित समुदाय | शुल्क लाग्ने/नलाग्ने | सेवा लिने मुख्य प्रकृया (सम्पर्क गर्ने स्थान) | कैफियत |
|---|---|---|---|---|---|
| १ | माटो जाँच, प्राविधिक सल्लाह सुझाव | कृषक, संस्था तथा उद्यमी | लाग्ने (माटो जाँच) | माटो विज्ञान महाशाखा, खमलटार | |
| २ | विभिन्न बाली बिरुवामा लाग्ने रोग पहिचान, प्राविधिक सल्लाह सुझाव | कृषक, संस्था तथा उद्यमी | नलाग्ने | बाली रोग विज्ञान महाशाखा, खुमलटार | |
| ३ | विभिन्न बाली बिरुवामा लाग्ने कीराको पहिचान, प्राविधिक सल्लाह सुझाव | कृषक, संस्था तथा उद्यमी | नलाग्ने | कीट विज्ञान महाशाखा, खुमलटार | |
| ४ | विभिन्न बालीहरुको स्रोत बीउ उत्पादन तथा बिक्री | राष्ट्रिय बीउ बिजन कम्पनी, विभाग, गैरसरकारी संस्था, कृषक | लाग्ने | बाली विशेष अनुसन्धान कार्यक्रमहरु, कृषि अनुसन्धान केन्द्रहरु, बाली विज्ञान महाशाखा | |
| ५ | कुखुराको चल्ला उत्पादन तथा बिक्री | कृषक | लाग्ने | बंगुर तथा कुखुरा अनुसन्धान कार्यक्रम, कृषि अनुसन्धान केन्द्र (पाखिबास, परवानीपुर, तरहरा) | |
| ६ | बंगुरको पाठापाठी उत्पादन तथा बिक्री | कृषक | लाग्ने | बंगुर तथा कुखुरा अनुसन्धान कार्यक्रम, कृषि अनुसन्धान केन्द्र (पाखिबास, तरहरा) | |
| ७ | बेर्ना तथा बिरुवा उत्पादन तथा बिक्री | कृषक | लाग्ने | कृषि अनुसन्धान केन्द्रहरु | |
| ८ | माछाको भुरा उत्पादन तथा बिक्री | कृषक | लाग्ने | मत्स्य अनुसन्धान महाशाखा (गोदावरी) कृषि अनुसन्धान केन्द्रहरु (तरहरा, परवानीपुर, त्रिशुली, बेगनास) | |
| ९ | च्याउको बीउ उत्पादन तथा बिक्री | कृषक, संस्था तथा उद्यमी | लाग्ने | बाली रोग विज्ञान महाशाखा, खुमलटार | |
| १० | राईजावियम कल्चर (जैविक मल) उत्पादन तथा बिक्री | कृषक, सहकारी संस्था | लाग्ने | माटो विज्ञान महाशाखा खुमलटार | |

## ७. नेपाल कृषि अनुसन्धान परिषद्को स्थापना भएपछि हालसम्म हाँसिल भएका मुख्य मुख्य उपलब्धीहरू

### ७.१ बाली अनुसन्धान (Crop Research)

**धानबाली**

- हालसम्म वर्षे धानका ५५ र चैते एवं अगौटे धानका १३ गरी कुल ६८ वटा धानका जातहरु र तिनका खेती प्रविधि सिफारिश भएका छन् । तीमध्ये विगत ५ वर्षमा चैते धानमा तरहरा-१ र हर्दिनाथ-२, वर्षे धानमा लल्का बासमती, घैया-१, खुमल-१०, खुमल-१३, बर्षे-२०१४, सुख्खा धान-

१, सुख्खा धान-२, सुख्खा धान-३, स्वर्ण सब-१, सम्बा मसुली सब-१ र बर्षे-१०२७ धानका जातहरु सिफारिस भएका छन् । सुख्खाग्रस्त असिंचित क्षेत्रको लागि सुख्खा सहनसक्ने सुख्खा धान १, सुख्खा धान २, सुख्खा धान ३ तथा बाढी प्रभावित क्षेत्रको लागि डुबान सहनसक्ने स्वर्णसब १ र संबा मन्सुली सब १ हालसालै सिफारिस भएका हुन् ।

- बोरो अथवा हिउँदे धानखेती (सिमसार क्षेत्र) को लागि DR-1, DN-5-2-3 र BRRI-29 जातका धानहरु छनौट गरी सिफारिस गरिएका छन् ।

**मकैबाली**

- मकैमा हाईब्रिडसहित हालसम्म २३ वटा जातहरु र तिनका खेती प्रविधि सिफारिस भएका छन् । तीमध्ये विगत ५ वर्षमा मनकामना-४ (पहेंलो), मनकामना-५, मनकामना-६ र पोषिलो मकै-१ - गुणस्तरीय प्रोटिनयुक्त सेतो) गरी ४ वटा जातहरु सिफारिस भएका हुन् ।
- सिफारिस जातहरुमध्ये गणेश १, देउती, मनकामना ३ र मनकामना ५ टर्सिकम लिफ ब्लाइट (*Exserohilum turcicum*) रोग  र गणेश १ र देउती मेडिस लिफ स्पट (*Bipolaris maydis*) रोग सहन सक्ने जातहरु हुन् ।
- उच्च पहाडी क्षेत्रमा केही वर्ष यता प्रकोपको रुपमा फैलिएको ध्वांसे थेग्ले रोग (*Cercospora zea-maydis*) सहन सक्ने जातहरुमा गणेश १, मनकामना ३, मनकामना १ र देउती जातहरु सिफारिस भएका छन् र एकीकृत बाली संरक्षण प्रविधि समेतको सिफारिस भई सकेका छन् ।
- कृषकहरुको सहभागितामा समुदायमा आधारित बीज वृद्धि कार्यक्रमअन्तरगत प्रमाणित वीउ तथा मूल वीउ उत्पादन कार्यक्रम सफलतापूर्वक संचालन गरिँदै आएको छ ।

**गहुँबाली**

- सिन्दुरे रोग अवरोधक तथा रोग सहनसक्ने जातसहित हालसम्म ३२ वटा जातहरु र तिनका खेती प्रविधि प्याकेजको सिफारिश गरिएको छ । तीमध्ये विगत ५ वर्षमा विजय, आदित्य, नेपाल ९७१ र डब्ल्यु. के. १२०४ गरी ४ जातहरु सिफारिस भएका हुन् ।
- पहेंलो सिन्दुरे *(Puccinia striiformis)* अवरोधक जातहरुमा डब्ल्यु. के. १२०४, गौतम र पासाङ्गल्हामु छन् भने अफ्रिकाको युगाण्डाबाट फैलिई एशियाको इरानसम्म आइपुगिसकेको विनाशकारी Ug99 प्रजातिको कालो सिन्दुरे रोग नेपालमा कुनै पनि बेला भित्रिनसक्ने भएकोले सो रोगबाट बच्न रोगअवरोधक जात 'विजय' सिफारिस भएको छ ।

**दलहनबाली**

- दलहन बालीमा हालसम्म मुसुरो बालीको १०, चनाको ८, भटमासको ८, रहरको २, मासको १, मुङ्गको १ र बोडीको ४ गरी जम्मा ३४ जात र तिनका खेती प्रविधि सिफारिस भएका छन् । तीमध्ये विगत ५ वर्षमा मुसुरोको महेश्वर भारती र सगुन, चनाको तारा र अवरोधी तथा बोडीको मालेपाटन १ सिफारिस भएका हुन् ।
- मुसुरोको ओइलाउने (*Fusarium oxysporum* f. sp. *lentis*), डढुवा (*Stemphylium botryosum*) र जरा सड्ने (*Fusarium solani/Rhizoctonia solani*) रोगहरुको लागि रोग कम लाग्ने तथा रोग सहन सक्ने जातहरुमा शिखर, सीमल, महेश्वर भारती, खजुरा २ को पहिचान भएका छन् ।

- मुसुरोको खजुरा २ जात पश्चिम पहाडमा मकै र धानबाली प्रणालीको लागि उत्कृष्ट सावित भएको छ ।

**तेलहनबाली**

- तेलबालीमा तोरीको ६, बदामको ६, रायोको २, तिलको १ र झुसे तिलको २ गरी जम्मा १७ वटा जातहरु र तिनका खेती प्रविधि सिफारिस भएका छन् ।
- तोरीमा लाग्ने अल्टरनेरिया रोग (*Alternaria brassicae*) र लाही कीरा कम लाग्ने Acc No. 8257, ICJ 9704 र मोरङ तोरी सिफारिसको क्रममा छन् ।

**पहाडीबाली**

- पहाडीबालीमा कोदोको ३ र जौबालीको ५ गरी जम्मा ८ वटा जातहरु र तिनका खेती प्रविधि सिफारिस भएका छन् ।
- फापरमा IR 13 सिफारिसको क्रममा छ भने मिठे फापरको लागि GF 5063 र Acc 2244 तथा तिते फापरको लागि Acc 2227 र Sample 6-1 पहिचान भएका छन् ।

## ७.२ बागवानी अनुसन्धान (Horticulture Research)

**आलुबाली**

- परिषद्को स्थापनापश्चात हालसम्म कुफ्रिज्योती, कुफ्रीसिन्दुरी, डिजिरे, खुमल सेतो-१, खुमल रातो-२, जनकदेव, खुमल लक्ष्मी र आई.पि. वाई-८ गरी ८ वटा जातहरु र तिनका खेती प्रविधि सिफारिस भएका छन् । साथै व्यावसायिक खेतीको लागि कार्डिनल र एन.पि.आई. १०६ पनि सिफारिस भएका छन् ।
- आलुबालीको डढुवा रोग (*Phytophthora infestans*) अवरोधक जातहरुको विकास भई सिफारिसको क्रममा छन् ।
- बियाँबाट गरिने आलुखेती प्रविधिको विकासको साथै त्यस्को लागि HPSII/67 जातको आलु सिफारिस गरिएको छ ।
- तन्तु प्रसारण (Tissue culture) प्रविधिबाट भाईरस रोगमुक्त स्वस्थ बीउ आलु (Pre-basic seed) उत्पादन भईरहेको छ ।

**तरकारीबाली**

- गोलभेंडा, काउली, बन्दा, मूला, रायोको साग, प्याज, केराउ, खुर्सानी, काँक्रो, फर्सिलगायत २१ वटा तरकारी बालीका ३९ जातहरु र तिनका खेती प्रविधि सिफारिस भएका छन् ।
- काउली समुहका तरकारी बालीका जरामा लाग्ने गाँठे रोग क्लब रुट (*Plasmodiophora brassicae*) रोगको व्यवस्थापन गर्न नेविजिन (Flusulfamide) नामक विषादि प्रभावकारी पाइएको छ । साथै *Trichoderma* ढुसीको प्रयोगबाट पनि यो रोगको जैविक नियन्त्रण गर्न सकिने पाइएको छ ।

- 'सृजना' नामको वर्णसंकर (हाइब्रिड) गोलभेडाको विकास गरी खेतीको लागि सिफारिस भएको छ। यो हाइब्रिडले ओईलाउने रोग (*Ralstonia solanacearum*) र डढुवा रोग (*Phytophthora infestans*) सहन सक्छ।
- गोलभैँडाको जरामा गाँठा बनाउने जुकाजन्य रोग (*Meliodogyne* spp.) व्यवस्थापन गर्न गोलभेंडालाई जंगली भण्टा (Solanum Sisymbrifolium) मा कलमी गर्ने प्रविधिको सफलतापूर्वक परीक्षण गरी कृषकमाझ पुऱ्याइएको छ।

**मसलाबाली**

- अदुवाबालीमा कपुरकोट १ जात सिफारिस भएको छ।
- अलैंचीको भाइरसजन्य (छिर्के, फुर्के) रोगमुक्त बेर्नाहरु उत्पादन गर्न तन्तु प्रसारण प्रविधि (Tissue culture) को साथै बीउबाट रोगमुक्त बिरुवाहरु उत्पादन गर्ने प्रविधिको विकास भएको छ।

**फलफूल**

- बढी उत्पादन दिने NCRP-49, वर्षैभरी उत्पादन दिने NCRP-53 र क्यान्कर (Citrus canker) रोग सहनसक्ने NCRP-55 जातका कागती तराईको लागि सिफारिस भएका छन्।
- नेपालको ८०० देखि १००० मिटरसम्मको उचाईमा हुनसक्ने अगौटे जातको सुन्तला 'ओकित्चुवासे' सिफारिस भएको छ। यस्को बोट सानो हुने, फलमा दाना नहुने र यो भाद्रको तेश्रो हप्तादेखि नै पाक्न थाल्छ।
- बढी उत्पादन दिने जुनारको चाँडो पाक्ने जातमा (कार्तिक-मंसीर) 'वासिङ्गटन नेभल' र ढिलो पाक्ने (चैत्र-वैशाख) जातमा 'भ्यालेन्सीया' खेतीको लागि सिफारिस गरिएको छ।
- करीब २० वर्ष अघिदेखि नेपालका पूर्वी पहाडमा जुनार तथा निबुवामा देखिँदै आएका औंसा (Fruit fly) चाइनिज सिट्रस फ्लाई (*Bactocera minax*) प्रजातिको हो भनि पहिचान भई सकेकोले त्यसको नियन्त्रणको लागि फेरोमेनको प्रयोग नभई प्रोटिनयुक्त चारो (Protein bait) को प्रयोग गर्न सिफारिस गरिएको छ।
- स्याउमा लाग्ने भुवादार लाही (woolly aphid) कीरालाई *Aphelinus mali* नामको परजीवी कीराको प्रयोगद्वारा सफलतापूर्वक नियन्त्रण गर्न सकिने नतिजा अनुसन्धानबाट देखिएको छ।

**औद्योगिकबाली**

- औद्योगिक बालीमा उखुको ४, जुटको २, कपासको १ गरी जम्मा ७ वटा जातहरु र तिनका खेती प्रविधि सिफारिस भएका छन्।
- जुट काटेपछि कम लागतमा बढी गुणस्तरीय रेशा निकाल्ने प्रशोधन प्रविधि विकास गरिएको छ।
- सबैभन्दा कम क्याफिन (१.१३%) पाईने 'क्याटुरा एमेरेलो' जातको कफी सिफारिस गरिएको छ।
- कफीको बोक्रा छोडाउन (Coffee pulping) हातले चलाउने, बिजुलीबाट चलाउने र साइकल रोलर टाइप गरी ३ किसिमका कफी पल्पर मेशीनको विकास गरिएको छ।

**पुष्पबाली**

- ग्लाडियोलस जातको फूलको कोपिला नफक्रँदै तर हल्का रंगमा परिणत हुन थाल्नासाथ फूल टिप्ने गरेमा फूल र गानो दुवैको उत्पादन पनि राम्रो हुने पाइएको छ।

- ग्लाडियोलस फूलको गानोको सुषुप्तावस्था हटाउन गानोलाई रोप्नुभन्दा पहिले ३ दिनसम्म दैनिक एक घण्टा धुवाँ दिई रोप्दा रोपेको ६८ दिनमा फूल फूल्न थाल्ने पाइएको छ ।
- कार्नेसन फूलको डाँठसहितको झुप्पालाई सिल्भर थायोसल्फाइडको ०.२ मिलिमिटरको घोलमा राख्दा फूललाई  दश दिनसम्म ताजै राख्न सकिने पाइएको छ ।

**७.३ पशु अनुसन्धान (Livestock Research)**

**गाई भैंसी**

- गाईवस्तुको आहारामा Urea Molasses Mineral Block (UMMB) समावेश गरी खुवाउँदा दुध र चिल्लो पदार्थको उत्पादनमा क्रमशः १५ र ८ प्रतिशतका दरले बृद्धि हुनुका साथै लवणहरु (Minerals) को कमिका कारणले गाईबस्तुमा हुने बाँझोपनमा करीब २५ प्रतिशतले कमी आएको पाईएको छ । ग्रामीण डेरी कृषकले यस प्रविधिबाट सरदर रु ११।- प्रति दिन प्रति पशु थप आम्दानी गर्न सक्ने अनुसन्धानबाट प्रमाणित भएको छ ।
- गाई र भैंसीमा ब्याउनु भन्दा दुई महिनाअघिदेखि थप आहारा दिइने प्रविधि (Steaming-up) प्रयोगबाट दुधको उत्पादनमा उल्लेखनिय वृद्धि हुने अनुसन्धानबाट प्रमाणित भएको छ ।

**भैंडा बाखा**

- बाखालाई विभिन्न डाले घाँस दिई गरिएको अनुसन्धानबाट बाखीले काभ्रो तथा बोका/खसीले खन्यौको घाँस बढी मन पराउने गरेको पाइएको छ ।
- बाखाको आहारामा ३०० ग्राम स्टाइलो (Stylo) घाँस प्रति दिनको दरले दिँदा दैनिक शारीरिक वृद्धिमा राम्रो प्रभाव परेको पाइएको छ ।
- बाखालाई सुख्खा पराल युरियाको झोलमा भिजाएर कुल आहारको ५० प्रतिशत (सुख्खा पदार्थको आधारमा) दिँदा दैनिक ४१ ग्रामसम्म शारीरिक वृद्धि भएको पाइएको छ ।
- बाखामा आनुवंशिक सुधारको लागि बोर जातको बाखाको वीर्य (semen) बाट कृत्रिम गर्भाधान -(Artificial Insemination) गराउँदा २५ प्रतिशत सफलता प्राप्त भएको छ ।

**बंगुर तथा कुखुरा**

- बंगुरको शारीरिक वृद्धि गर्न पोषिलो मकै (Quality Protein Maize) मा आधारित दाना खुवाइएमा बंगुरमा शारीरिक वृद्धिदर एवं Feed Conversion Ratio (FCR) बढी भएको नतिजा पाइएको छ ।
- पाखिबास कालो बंगुरको विकासले मासुको आपूर्तिमा वृद्धि आउनुका साथै कृषकहरुको आयस्तरमा समेत सुधार ल्याएको छ ।
- हप्तामा एकपटक ब्रोइलर कुखुराको दानामा सिस्नोको धुलो ३-५ प्रतिशतको दरले मिसाएर दिँदा कुखुराको शारीरिक वृद्धि दर बढ्नुका साथै New Castle रोग सहनसक्ने क्षमता वृद्धि भएको पाइएको छ ।

**चरन तथा घाँसेबाली**

- तराई र मध्य पहाडको लागि उपयुक्त र चार पटकसम्म काट्नसकिने कामधेनु र नेत्र नामका जै घाँसका दुईवटा जातहरु उन्मोचन गरिएका छन् र तिनका बीउ उत्पादन कार्यक्रम संचालन गरिँदै आइएको छ ।
- हरियो घाँस उत्पादनसम्बन्धी गरिएको अनुसन्धानअनुसार राई घाँस+कक्सफुट्+सेतो क्लोभर मिसाएर गरिएको खेतीको उत्पादन राई घाँस+सेतो क्लोभर र कक्सफुट्+सेतो क्लोभरभन्दा राम्रो पाइएको छ । यो प्रविधि उच्च पहाडी क्षेत्रमा चरन सुधार एवं विकासका लागि उपयुक्त छ । यस प्रविधिबाट हरियो घाँसको उत्पादन सरदर २३.३ मे.टन/हे. र राई घाँसको बीउ उत्पादन १.१ मे.टन/हे. गर्न सकिन्छ ।

### ७.४ मत्स्य अनुसन्धान (Fishery Research)

- ट्राउट माछा खेती प्रविधिको विकास र विस्तार भई देशका ७ वटा पहाडी जिल्लामा ३६ वटा ट्राउट माछाका निजी फार्म स्थापना बाट आ. व. २०६५।६६ मा ५५ मे. टन माछा उत्पादन भएको थियो । उच्च पहाडी र मध्य पहाडी भेगका ५४ जिल्लामा चिसो पानीका स्रोत भएका तथा सीमान्त (भिरालो पाखा) जमिनलाई मत्स्य पालनमा उपयोग गरी पहाडी समुदायको आय आर्जनमा ट्राउट माछा खेती प्रविधिले उल्लेखनीय भूमिका निर्वाह गर्ने देखिन्छ ।
- ट्राउट माछाको प्रजनन् तथा भुरा उत्पादन प्रविधि निजी क्षेत्रमा हस्तान्तरण गरी निजी क्षेत्रको क्षमता अभिवृद्धि गरिएको छ । आ. व. ०६५।६६ मा सहभागितामूलक ट्राउट प्रजनन् तथा भुरा उत्पादन कार्यक्रमबाट निजी क्षेत्रमा ८ वटा भुरा उत्पादन फार्महरु स्थापित भएका थिए जसबाट कुल भुराको मागको ७५ प्रतिशत (३,९५,०००) आपूर्ति भएको थियो ।
- ट्राउट माछापालनको लागि विकसित भएका प्रविधिहरुको प्रयोग भई रसुवा तथा नुवाकोट जिल्लामा संचालन भएका "एक गाउँ एक उत्पादन" कार्यक्रमअन्तर्गत ट्राउट पालन सरकारी-निजी क्षेत्रको साझेदारीको एउटा उत्कृष्ट नमुनाको रुपमा विस्तार भैरहेको छ ।
- न्यानो आवहवा भएका तराई क्षेत्रका जलाशयहरुको उत्पादकत्व बढाई राष्ट्रिय मत्स्य उत्पादनमा टेवा पुऱ्याउनको लागि सघन खेती प्रणालीको विकास गर्न टिलापिया माछाको सफल प्रजनन् र खेती गर्ने प्रविधिको विकास भएको छ । यस प्रविधिको विस्तारबाट पूर्वी तराईका जिल्लाहरुमा कृषकस्तरमा टिलापिया माछाको उत्पादन ६.० मे. टन प्रति हेक्टर रहेको छ जुन राष्ट्रिय औसत उत्पादनको तुलनामा ६७ प्रतिशतले बढी छ ।
- उच्चमूल्य पर्ने प्राउन माछा नेपालमा ठूलो परिमाणमा थाइल्याण्ड तथा भारतबाट आयात हुने गरेकोमा नेपालमै पहिलो पटक सफा पानीमा विभिन्न लवणहरुको मिश्रण तयार गरी नियन्त्रित अवस्थामा यी माछाको प्रजनन् गर्ने प्रविधिको विकास गरी वार्षिक एक लाखसम्म भुरा उत्पादन गर्न थालिएको छ ।
- साथै कार्प जातका माछासँग प्राउन माछा पाल्ने प्रविधिको विकास भएको छ । यस प्रविधिको प्रयोगबाट कृषकहरुले प्रति हेक्टर प्रति वर्ष ४०० के. जी. प्राउनको अतिरिक्त उत्पादन प्राप्त गर्न सफल भएका छन् ।
- विपन्न समुदायलाई लक्षित गरी मागुर माछा (African catfish) लाई स-साना खाल्डोमा पाल्ने प्रविधिको विकास गरिएको छ । तराईका केही जिल्लाहरुमा कृषकहरुले यस प्रविधिको उपयोगबाट १०-१५ के.जी. प्रतिवर्ग मिटर मागुर माछाको उत्पादन लिइरहेका छन् ।

## ८. मुख्य कार्यालयको ठेगाना

| | | |
|---|---|---|
| पुरा नाम | : | नेपाल कृषि अनुसन्धान परिषद्, सिंहदरबारप्लाजा, काठमाडौं |
| फोन नम्बर | : | ४२५६८३७, ४२६२५०४, ४२६२५८५, ४२६२५६७, ४२६२४४०, ४२६२५७० |
| फयाक्स नम्बर | : | (९७७-१) ४२६२५०० |
| वेव साइट | : | http:/www.narc.gov.np |
| इ-मेल | : | ednarc@ntc.net.np, pcdnarc@ntc.net.np, chdnarc@ntc.net.np, livefish@ntc.net.np, fadnarc@ntc.net.np |
| सम्पर्क व्यक्ति/फोकल पर्सनको नाम | : | डा. यज्ञ गजाधर खड्का |
| फोन नम्बर | : | ४२६२५०४ |
| प्रवक्ता/सूचना अधिकारीको नाम | : | डा. यज्ञ गजाधर खड्का |
| सम्पर्क फोन नम्वर | : | ४२६२५६७ |
| गुनासो सुन्नेको नाम | : | डा. दिलबहादुर गुरुङ्ग |
| सम्पर्क फोन नम्बर | : | ४२५६८३७ |

## ख) नेपाल पशु चिकित्सा परिषद्

### १. परिचय

**पृष्ठभूमि**

पशु चिकित्सा व्यवसायलाई प्रभावकारी बनाई व्यवस्थित गराउन, वैज्ञानिक ढंगले परिचालन गर्न तथा पशु चिकित्सकहरुको योग्यता अनुसार नाम दर्ता गर्ने समेतको व्यवस्था गर्न नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ बमोजिम एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्थाको रुपमा बि.सं. २०५६ सालमा यो परिषद्को स्थापना भएको हो । यस परिषद्ले पशु चिकित्सा व्यवसायलाई सुव्यवस्थित, स्तरीय, मर्यादापूर्ण र प्रभावकारी बनाउन आवश्यक नीति, कार्ययोजना तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयनको लागि नेपाल सरकार समक्ष पेश गर्ने, पशु चिकित्सकहरुको योग्यता निर्धारण गरी नाम दर्ता तथा नियमन गर्ने, दर्तावाल पशु चिकित्सकहरुले पालन गर्नु पर्ने आचारसंहिता तयार गरी लागू गर्ने, पशु चिकित्सा शिक्षा दिने शिक्षण संस्था र त्यस्ता संस्थाहरुले प्रदान गरेका प्रमाणपत्र तथा उपाधिहरुलाई मान्यता दिने तथा पशु स्वास्थ्यसंग सम्वन्धित विषयमा नेपाल सरकारलाई आवश्यक परामर्श दिने समेतका प्रमुख कार्यहरु सम्पादन गर्ने गर्दछ ।

यस परिषद्मा नेपाल सरकारबाट मनोनित “क” श्रेणीको दर्तावाल पशु चिकित्सक अध्यक्ष, दर्तावाल पशु चिकित्सकहरु मध्येबाट निर्वाचित २ जना उपाध्यक्ष तथा ५ जना सदस्य, कम्तिमा “ख” श्रेणीको दर्तावाल पशु चिकित्सकबाट दुई जना मनोनित सदस्य र नेपाल भेटेरिनरी एशोसिएसनका अध्यक्ष एक जना सदस्य समेत जम्मा ११ जना दर्तावाल पशु चिकित्सकहरु पदाधिकारी रहने गरी परिषद्को गठन गरिएको छ । परिषद्को प्रशासनीक प्रमुखको रुपमा नेपाल सरकारबाट “क” श्रेणीको दर्तावाल पशु चिकित्सकलाई रजिष्ट्रारको पदमा नियुक्त गर्ने प्रावधान रहेको छ ।

यस परिषद्ले आ.ब. २०६७६८ को अन्त सम्म ६२३ जना स्थायी, १३ जना विशेषज्ञ र २५ जना गैर नेपाली पशु चिकित्सकको नाम दर्ता गरी नियमन गर्ने गरेको छभने भेटेरिनरी स्नातक उत्पादन गर्ने शिक्षण संस्थाको न्यूनतम मापदण्ड निर्धारण गरी मान्यता दिने र नियमन गर्ने गरेको छ। परिषद्को भौतिक, प्राज्ञिक, कानूनी, आर्थिक, प्रशासनिक तथा प्राविधिक पक्षमा समयसापेक्ष रुपमा सुदृढिकरण गर्दै अन्तर्राष्ट्रिय मूल्य र मान्यता अनुरुप नेपालको आधिकारिक भेटेरिनरी स्टाचुटरी वडिको रुपमा संचालित हुने गरी प्रथम रणनैतिक योजना (२००९-२०१३) लागू गरी निर्दिष्ट उद्देश्य हाँसिल गर्न यो परिषद् अग्रसर रहेको छ ।

**दृष्टिकोण**

भेटेरिनरीयनलाई दर्ता एवं नियमन गरी गुणस्तरीय भेटेरिनरी सेवा मार्फत पशु स्वास्थ्य, पशु कल्याण तथा भेटेरिनरी जनस्वास्थ्य सेवाको सुनिश्चित गर्ने ।

**उद्देश्य**

पशु चिकित्सा व्यवसायलाई प्रभावकारी बनाई व्यवस्थित गराउन, वैज्ञानिक ढंगले परिचालन गर्न तथा पशु चिकित्सकहरुको योग्यता अनुसार नाम दर्ता गर्ने समेतको व्यवस्था गर्नु यस परिषद्को प्रमुख उद्देश्य रहेको छ ।

**रणनीति**

नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ बमोजिम परिषद्को उद्देश्य हाँसिलगर्न यस परिषद्ले आफ्ना कृयाकलापहरुलाई योजनाबद्ध रुपमा तर्जुमा गरी बार्षिक कार्यक्रममा समावेस गरी कार्यान्यिन गर्ने गरेको

छ। हाल परिषद्को प्रथम पञ्चवर्षीय रणनीतिक योजना (२००९–२०१३) अनुसार कार्यक्रमहरु कार्यान्वयन गर्ने गरिएको छ। यस रणनीतिक योजनाका प्रमुख पक्षहरुमा नेपालको भेटेरिनरी स्टाचुटरी बडीलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप स्तरोन्नती गर्न ऐन नियममा परिमार्जन गर्ने, परिषद्को आन्तरीक कार्यक्षमतामा सुधार ल्याउन विनियमावलीहरुको व्यवस्था गर्ने, परिषद्संग सम्बन्धीत मौजुदा कानूनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाउने, भेटेरिनरी शिक्षण संस्थाका न्यूनतम मापदण्ड समय सापेक्ष रुपमा परिमार्जन गर्ने, दर्तावाल पशु चिकित्सकको आचार संहिता अध्यावधिक गर्ने, कानून उल्लंघन भएको अवस्थामा कारवाही गर्ने, भेटेरिनरी सेवा सम्बन्धमा सरकारलाई आवश्यक परामर्श दिने, गुणस्तरीय भेटेरिनरी सेवाको प्रत्याभूति दिन भेटेरिनरी सेवामा संलग्न परिषद्मा दर्तावाल जनशक्तिलाई निरन्तर शिक्षाको व्यवस्था गर्ने, श्रोत साधनको व्यवस्था गर्ने गरी तर्जुमा गरिएको यस रणनीतिक योजना अनुसार कार्यक्रमहरु कार्यान्वयन गर्ने गरिएको छ।
परिषद्का कार्यहरु छिटो छरितो रुपमा सम्पन्न गर्न परिषद्ले विभिन्न विषय समितिहरु गठन गरी कार्य सम्पादन गर्ने गरेको छ।

**तोकिएको कार्य जिम्मेवारी/कार्यक्षेत्र**

पशु चिकित्सकहरुको नाम दर्ता गर्ने, भेटेरिनरी शिक्षण संस्थाहरुको नियमन गर्ने, सरकारलाई आवश्यकतानुसार सल्लाह दिने, भेटेरिनरी सेवासंग सम्बन्धित ऐन नियमहरुको मस्यौदा तयार गर्ने आदि।

## २. संगठनात्मक स्वरूप

यस परिषद्मा नेपाल सरकारबाट मनोनित १ जना अध्यक्ष र २ जना सदस्य, दर्तावाल पशु चिकित्सकहरु मध्येबाट निर्वाचित २ जना उपाध्यक्ष र ५ जना सदस्य र नेपाल भेटेरिनरी एशोसिएसनका अध्यक्ष समेत जम्मा ११ जना दर्तावाल पशु चिकित्सकहरु पदाधिकारी रहने गरी परिषद्को गठन गरिएको छ।

## ३. परिषद्का हाल वहालवाला पदाधिकारीहरूको नामावली

| क्र.सं. | पद | बहालवाला पदाधिकारीको नाम | नियूक्ती मिति | सम्पर्क ठेगाना | सम्पर्क फोन नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अध्यक्ष | डा. शुभ नारायण महतो | २०६५।९।२९ | त्रिपुरेश्वर | ९८५१०८८२३० | दर्तावाला पशु चिकित्सकहरु मध्येबाट नेपाल सरकार म.प.बाट मनोनयन |
| २ | उपाध्यक्ष | डा. वैकुण्ठ पराजुली | २०६५।१०।८ | त्रिपुरेश्वर | ९८५११०६२०३ | निर्वाचित |
| ३ | उपाध्यक्ष | डा. शारदा भट्टराई | २०६५।१०।८ | त्रिपुरेश्वर | ९८५५०५६९२५ | दर्तावाला पशु चिकित्सकहरु मध्येबाट परिषद्ले निर्वाचनद्धारा छनौट |
| ४ | सदस्य (मनोनीत) | डा. प्रभाकर पाठक (२०६८।७।६ सम्म) | २०६६।५।७ | त्रिपुरेश्वर | ९८४१२२७१९२ | दर्तावाला पशु चिकित्सकहरु मध्येबाट विभागीय मन्त्रीस्तरबाट मनोनयन |

| क्र. सं. | पद | बहालवाला पदाधिकारीको नाम | नियूक्ती मिति | सम्पर्क ठेगाना | सम्पर्क फोन नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|
| ५ | सदस्य (मनोनीत) | डा. सदानन्द देव | २०६६।५।७ | त्रिपुरेश्वर | ९८५२०२४१३१ | दर्तावाला पशु चिकित्सकहरु मध्येबाट विभागीय मन्त्रीस्तरबाट मनोनयन |
| ६ | सदस्य | डा. श्याम किशोर शाहा | २०६५।१०।८ | त्रिपुरेश्वर | ९८४५०२६३५० | दर्तावाला पशु चिकित्सकहरु मध्येबाट परिषद्ले निर्वाचनद्धारा छनौट |
| ७ | सदस्य | डा. कृष्ण काफ्ले | २०६५।१०।८ | त्रिपुरेश्वर | ९८४५०५६७३४ | दर्तावाला पशु चिकित्सकहरु मध्येबाट परिषद्ले निर्वाचनद्धारा छनौट |
| ८ | सदस्य | डा. होम वहादुर वस्नेत | २०६५।१०।८ | त्रिपुरेश्वर | ९८५५०५९२६८ | दर्तावाला पशु चिकित्सकहरु मध्येबाट परिषद्ले निर्वाचनद्धारा छनौट |
| ९ | सदस्य | डा. पुर्णिमा मानन्धर | २०६५।१०।८ | त्रिपुरेश्वर | ९८४१२४४८८४ | दर्तावाला पशु चिकित्सकहरु मध्येबाट परिषद्ले निर्वाचनद्धारा छनौट |
| १० | सदस्य | डा. कृष्ण वहादुर श्रेष्ठ | २०६५।१०।८ | त्रिपुरेश्वर | ९८४१३३७३६२ | दर्तावाला पशु चिकित्सकहरु मध्येबाट परिषद्ले निर्वाचनद्धारा छनौट |
| ११ | सदस्य (पदेन) | डा. विमल कुमार निर्मल | २०६८।१२।१८ | त्रिपुरेश्वर | ९८४६३३६१११ | अध्यक्ष , ने.भे.ए. |

हाल कार्यरत परिषद्का रजिष्ट्रार डा. नारायण प्रसाद घिमिरे, सम्पर्क नम्बर : ९८४१३३६३९९

## ४. बजेट रकम र श्रोतहरू

| आ.व. | आफ्नै श्रोत | नेपाल सरकार | अन्य श्रोत | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| २०६४/६५ | | १०,००,०००।० | ० | १०,००,०००।० | |
| २०६५/६६ | | १५,००,०००।० | ० | १५,००,०००।० | |
| २०६६/६७ | | १७,००,०००।० | ८,४०,०००।० | २५,४०,०००।० | |
| २०६७/६८ | | १९,६०,०००।० | ३,००,०००।० | २२,६०,०००।० | |
| २०६८/६९ | | २२,००,०००।० | ० | २२,००,०००।० | |

## ५. अन्तर्गतका निकाय/कार्यालयहरूको विवरण

नेपाल पशु चिकित्सा परिषद् अन्तगर्तका अन्य कुनै निकाय/कार्यालयहरु रहेका छैनन् ।

## ६. हाल प्रदान गरिएका सेवाहरू

| क्र. सं. | सेवाको किसिम | लक्षित समुदाय | शुल्क लाग्ने/नलाग्ने | सेवा लिने मुख्य प्रकृयाहरू | कैफियत |
|---|---|---|---|---|---|
| १. | नाम दर्ता गर्ने | पशु चिकित्सक | लाग्ने | समिति मार्फत परिषद्मा पेश हुने | |
| २. | नियमन गर्ने | भेटेरिनरी शिक्षण संस्था | नलाग्ने | समिति मार्फत अनुगमन गरी प्रतिवेदन परिषद्मा पेश गरीने । | |

## ७. परिषद् स्थापना भएपछि हालसम्म हाँसिल भएका मूख्य–मूख्य उपलब्धिहरू

७.१ पशु चिकित्सा व्यवसायलाई सुव्यवस्थित, स्तरीय, मर्यादापूर्ण र प्रभावकारी बनाउन आवश्यक नीति, कार्ययोजना तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयनको लागि नेपाल सरकार समक्ष पेश गरेको ।

७.२ पशु चिकित्सकहरुको योग्यता निर्धारण गरी नाम दर्ता तथा नियमन गर्ने गरेको ।

७.३ दर्तावाल पशु चिकित्सकहरुले पालन गर्नु पर्ने आचारसंहिता तयार गरी लागू गरेको ।

७.४ पशु चिकित्सा शिक्षा दिने शिक्षण संस्था र त्यस्ता संस्थाहरुले प्रदान गरेका प्रमाणपत्र तथा उपाधिहरुलाई मान्यता दिने कार्य गरेको ।

७.५ पशु स्वास्थ्यसंग सम्वन्धित विषयमा नेपाल सरकारलाई आवश्यक परामर्श दिने समेतका प्रमुख कार्यहरु सम्पादन गर्ने गरेको ।

## ८. मुख्य कार्यालयको ठेगाना

| | |
|---|---|
| पुरा ठेगाना | : नेपाल पशु चिकित्सा परिषद्, भेटेरिनरी कम्प्लेक्स, त्रिपुरेश्वर । |
| फोन नम्बर | : ४२५९१४४/४२६१२१० |
| फ्याक्स नम्बर | : ४२५९१४४ |
| वेब साईट | : www.nvc.com.np |
| ईमेल | : info@nvc.com.np |
| सम्पर्क व्यक्ति/फोकल पर्सनको नाम | : डा. नारायण प्रसाद घिमिरे |
| | प्रवक्ता/सूचना अकिारीको नाम तथा |
| सम्पर्क फोन नम्बर | : डा. नारायण प्रसाद घिमिरे |
| गुनासो सुन्ने अधिकारीको नाम र | |
| सम्पर्क फोन नम्बर | : डा. नारायण प्रसाद घिमिरे, |
| | मो.नं ९८४१३३६३९९ |

## ग) दुग्ध विकास संस्थान

### १. परिचय

**पृष्ठभूमि**

नेपाल सरकार कृषि विभाग अन्तर्गत रहेको तत्कालिन दुग्ध विकास वोर्डले वि.सं २००९ मा टुसाल, काभ्रेपलान्चोक र खरिपाटी, भक्तपुरमा १/१ गोटा दुग्ध संकलन केन्द्र साथै लाङ्गटाङ्ग, रसुवामा एक याक चीज केन्द्र स्थापना संगसंगै दुग्ध विकासको इतिहासको थालनी गरेको पाइन्छ। तत्पश्चात वि.स. २०१०/११ मा काठमाडौंको भोटाहिटीमा दुग्धशाला स्थापना गरी दुग्ध प्रशोधन कार्यको थालनी भएको हो। वि.सं २०१३ मा थोदुङ्ग, रामेछापमा थप एक याक चीज केन्द्रको स्थापना साथै भोटाहीटी स्थित दुग्धशालाको दुग्ध प्रशोधन क्षमता धेरै न्यून भएकोले २०१३ फागुण २९ गते ५०० लि. प्रति घण्टा दूध प्रशोधन क्षमताको मेशिन जडान गरी लैनचौर (हाल दुग्ध विकास संस्थान, केन्द्रिय कार्यालय) मा केन्द्रिय दुग्धशाला स्थापना भएको हो। वि.सं २०१७ मा पूनः पिके, सोलुखुम्वुमा थप १ याक चीज केन्द्रको स्थापना भएको हो। वि.सं २०२६ सालमा दुग्ध विकास वोर्डबाट उल्लेखित २ दुग्ध संकलन केन्द्र र ३ याक चीज केन्द्र साथै लैनचौर स्थित दुग्धशाला दुग्ध विकास संस्थानलाई हस्तान्तरण गरिएको थियो। यसको लगत्तै वि.सं २०२७ मा गोसाईकुण्ड, रसुवा, वि.सं २०२८ मा चोर्दुङ्ग, दोलखा र वि.सं २०२९ मा क्यामा, रामेछापमा गरी थप ३ याक चीज केन्द्र स्थापना भएको देखिन्छ।

संगठीत रुपमा दुग्ध व्यवसायलाई बढी प्रभावकारी बनाई ग्रामिण क्षेत्रका कृषकहरुद्धारा उत्पादित दूधको लागि सुरक्षित बजार र शहरी क्षेत्रका उपभोक्ताहरुलाई उच्च गुणस्तरयुक्त प्रशोधित दूध तथा अन्य दुग्ध पदार्थहरु आपूर्ति गर्ने उद्देश्यले तत्कालिन दुग्ध विकास वोर्डलाई संस्थान ऐन २०२१ अन्तर्गत २०२६ साल श्रावण १ गते दुग्ध विकास संस्थानमा परिणत गरिएको हो। संस्थानको शुरु अवस्थामा उपत्यकाभित्र मात्र दूध प्रशोधन एवं विक्री वितरण कार्य एवं हिमाली भेगमा केही याक चीज उत्पादन केन्द्रहरु स्थापित भई संचालनमा रहेकोमा संस्थान स्थापना पश्चात यसले निरन्तर आफ्नो कार्य क्षेत्रमा विस्तार गर्दै हाल संस्थानको कार्य क्षेत्र भित्र आठवटा दुग्ध वितरण आयोजनाहरु संचालनमा रहेको छ।

**उद्देश्य**

(क) ग्रामीण क्षेत्रका दूध उत्पादक कृषकहरुलाई उनीहरुले उत्पादन गरेको दूधको उचित मूल्यको साथै निश्चित बजारको व्यवस्था गर्ने।
(ख) शहरी उपभोक्ताहरुलाई उच्च गुणस्तरयुक्त प्रशोधित दूध तथा दुग्ध पदार्थहरु सुलभ एवं उचित मूल्यमा आपूर्ति गर्ने।
(ग) दूध तथा दुग्ध पदार्थहरु आन्तरिक मागअनुरुप आत्मनिर्भर हुने तथा अन्तराष्ट्रिय बजारमा समेत प्रवेशको लागि प्रयास गर्ने।
(घ) संस्थानको व्यावसायिक गतिविधिमा सुधार ल्याई यसको आर्थिक स्थिती सुदृढ गर्ने।

**रणनिति**

(क) संस्थानको तीव्र एवं दिगो विकासको लागि सरकारी/निजी/सहकारी डेरी उद्योगहरुसंग सहकार्य गर्ने कार्यक्रम गरिएको छ।
(ख) दुग्ध क्षेत्रमा मौजुदा सहकारी संस्थाहरुको सुदृढीकरण तथा संचालन प्रक्रियामा सुधार ल्याउन केन्द्रीय दुग्ध उत्पादक संघ, सहकारी विभाग तथा राष्ट्रिय सहकारी विकास वोर्डसंग सहकार्य गरीने छ।
(ग) संस्थानबाट उत्पादन हुने दूध तथा दुग्ध पदार्थको गुणस्तरमा वृद्धि ल्याउन गुण नियन्त्रण, अनुसन्धान एवं गुणस्तर वृद्धि गर्नको लागि आवश्यक पहल गरीनेछ।

(घ) बजेट खर्चतर्फ मितव्ययिताको आधार अपनाई बढी समय भत्ता, भ्रमण खर्च, मोटर तथा मेशिन मर्मत सम्भार, अतिथि सत्कार आदि जस्ता अनुत्पादक खर्चहरुमा नियन्त्रण गरीने कार्यलाई निरन्तरता दिनेछ। साथै अनुत्पादक मेशिनरीजहरु तथा सवारी साधनहरुलाई क्रमिक रुपमा प्रतिस्थापन गर्दै लैजाने निति अवलम्वन गरेको छ।

(ङ) उत्पादनको क्रममा देखिएको क्षतिहरुलाई नियन्त्रण गर्दै लैजाने र अनुगमन (Monitoring) व्यवस्थालाई प्रभावकारी तुल्याईनेछ।

(च) संस्थानको आर्थिक, प्राविधिक तथा प्रशासनिक अनुशासनलाई अझ प्रभावकारी बनाईनेछ।

(छ) इन्धनको बढ्दो मूल्यले गर्दा संस्थानको आर्थिक अवस्थामा प्रतिकुल असर परिरहेकोले डिजेलबाट चल्ने व्वाइलरहरुलाई क्रमिक रुपले भूस/दाउराको प्रयोगबाट प्रतिस्थापन गर्ने कार्यक्रम रहेको छ।

(ज) संस्थानले ग्रामिण भेगमा दूधको उत्पादन बढाउन यस आर्थिक वर्षदेखि Special Milk Shed Area को विस्तार गरी सम्भाव्य क्षेत्रहरुमा नयां चिलिङ्ग सेन्टरहरुको स्थापना गर्ने कार्यक्रम स्वीकृत गरेको छ।

(झ) संस्थानबाट उत्पादित दुग्धजन्य पदार्थको बढ्दो मागलाई पूर्ति गर्न तथा उत्पादनमा सन्तुलन ल्याउन यस वर्ष उच्च पहाडी भेगमा विगतमा संचालन भै केही वर्षदेखि बन्द रहेका चीज उत्पादन केन्द्रहरु क्याङ्गसिङ्ग (सिन्धुपाल्चोक), प्राङ्गवुङ्ग (पांचथर) र खरीपाटी (भक्तपुर) लाई पुनः संचालनमा ल्याइनेछ।

(ञ) Product Diversification र Packaging Development लाई निरन्तरता दिइनेछ।

(ट) दूध तथा दुग्धजन्य पदार्थहरु सुलभ रुपबाट बढी भन्दा बढी उपभोक्ता समक्ष पु-याउन Marketing System तथा Service Delivery System मा सुधार एवं तिव्रता ल्याइनेछ।

(ठ) कृषक/सहकारी संस्थाहरुको सुदृढिकरण तथा संस्थाहरुबाट खरिद हुने दूधको गुणस्तरमा वृद्धि ल्याउन दुग्ध उत्पादक कृषक एवं सहकारी संस्थाका पदाधिकारीलाई संस्थान, पशु सेवा विभाग तथा सहकारी विभागको संयुक्त प्रयासमा तालिमको व्यवस्था गरीनेछ।

(ड) पशुपालन व्यवसायमा महिलाहरुलाई सक्रिय रुपमा सहभागिता गराउन **"एक गाई एक माई"** को कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ। साथै संस्थानले आफ्नो श्रोत साधनबाट संचालित **"दूध अभिवृद्धि कार्यक्रम"** लाई निरन्तरता दिइनेछ।

(ढ) मूल्यांकन तथा अनुगमन प्रक्रियालाई प्रभावकारी बनाइनेछ।

(ण) मुलुकका डेरी उद्योगहरुमा हाल देखिएको दक्ष जनशक्तिको कमिलाई पूर्ति गर्न वर्तमान शिक्षण संस्थाहरु मध्ये डेरी विषयको अध्यापन गराउन सक्ने संस्थालाई Practical Work तथा Inplant Training को लागि संस्थानको भौतिक सुविधाहरु उपलब्ध गराइनेछ।

(त) दुग्ध पदार्थ विक्री वितरण आयोजना, लैनचौरलाई खुमलटारमा स्थानान्तरण गरी लैनचौरको जग्गामा व्यावसायिक कम्प्लेक्सको निर्माण गर्ने कार्य समावेश गरिएको छ। साथै उपत्यकाको बढ्दो मागलाई पूर्ति गर्न खुमलटारमा अत्याधुनिक दहीमा आधारित कारखानाको निर्माण कार्य बजेटमा समावेश गरिएको छ। उक्त कारखाना निर्माण पश्चात संस्थानको आर्थिक अवस्था सुदृढ हुने आशा गरिएको छ।


(थ) कर्मचारीको मनोवललाई उच्च राख्न तथा आफ्नो कार्य प्रतिको सीप तथा जांगरमा अभिवृद्धि ल्याउन कार्यरत ज्यालादारीहरुलाई क्रमिक रुपमा स्थायी गर्ने, बढुवा प्रक्रियालाई निरन्तरता दिने तथा आवश्यकता अनुसारको तालिमहरु दिइनेछ।

**संस्थानको कार्यक्षेत्र**

संस्थान अन्तर्गत संचालित आयोजनाहरुले पूर्वमा मेचीको पांचथरदेखि पश्चिममा महाकालीको कन्चनपुरसम्म गरी जम्मा ३४ जिल्लाहरुबाट दूध संकलन गरिरहेका छन्। दुग्ध वितरण आयोजनाहरुको संकलन क्षेत्रहरुमा दूध संकलन कार्य संगठनात्मक तरीकाबाट कृषकहरु स्वयंद्धारा संचालित दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड मार्फत भइरहेको छ। याक चीज उत्पादन केन्द्र अन्तर्गतका संकलन क्षेत्रहरुमा भने दूध उत्पादक कृषकहरुबाट सोझै याक गाईको दूध खरिद गर्ने गरिएको छ। काठमाडौं वाहिरका हेटौडा, लुम्विनी तथा नेपालगन्ज दुग्ध वितरण आयोजनाहरुले संकलन गरेको दूधमध्ये स्थानिय विक्री तथा दुग्ध पदार्थ उत्पादन भन्दा बढी हुने परिमाण दूध काठमाडौं दुग्ध वितरण आयोजनामा पठाउने गरी आइएको छ। यसै गरी विराटनगर दुग्ध वितरण आयोजनाले संकलन गरेको कूल दूध मध्ये स्थानिय विक्रीबाट बढी हुने दूधबाट धुलो दूध वनाउने गरिन्छ, जुन सुख्खा सिजनमा काठमाडौं ल्याई बजारको माग पुरा गर्नको निमित्त तरल दूध बनाउने कार्यमा काठमाडौं दुग्ध वितरण आयोजनाले प्रयोग गर्ने गर्दछ। करीव २ वर्ष अगाडी देखि संचालनमा आएको ढल्केवर स्थित जनकपुर दुग्ध वितरण आयोजनाले स्थानियस्तरमा माग हुने दही आपूर्तिको लागि Yoghurt Based Milk Processing Plant को रुपमा दही लगायत दूध र अन्य दुग्ध पदार्थहरु उत्पादन गर्दछ भने हालै संचालित धनगढी दुग्ध वितरण आयोजनाको दूध नेपालगन्ज ल्याई दुग्ध पदार्थ उत्पादनमा प्रयोग गर्ने व्यवस्था मिलाइएको छ। संकलन गरिएको दूध प्रशोधन कारखानासम्म ल्याउंदा दूधको गुणस्तर ह्रास नहोस् भन्ने ध्येयअनुरुप संस्थानअन्तर्गतका आयोजनाहरुले विभिन्न दूध चिस्याउने केन्द्रहरुमा दूध चिसो बनाई टैंकरमार्फत ढुवानी गरी आयोजनामा ल्याउने व्यवस्था गरिएको छ। यसवाहेक पनि सहकारी संस्थाहरुबाट संचालित दूध चिस्याउने केन्द्रहरुबाट पनि चिसो दूध उठाउने व्यवस्था मिलाई संकलन कार्यमा व्यापकता ल्याइएको छ।

दुग्ध विकास संस्थानअन्तर्गत देशका विभिन्न ३४ जिल्लाहरुका कार्यक्षेत्रभित्र संचालित शहरी क्षेत्रहरुमा एउटा धूलो दूध कारखानासहितको ८ वटा दूध प्रशोधन कारखानाहरु, त्यसअन्तर्गत ६३ वटा चिलिङ्ग सेन्टर तथा उच्च पहाडी र हिमाली क्षेत्रमा अवस्थित ७ वटा याक चीज उत्पादन केन्द्रहरु, मध्य पहाडी क्षेत्रमा अवस्थित ५ वटा कन्चन चीज उत्पादन केन्द्रहरु, एउटा रसवरी, पनीर उत्पादन केन्द्र र २ वटा मोजरेल्ला चीज उत्पादन केन्द्रहरु संचालनमा रहेका छन्। हाल संस्थानले प्रतिदिन दुग्ध उत्पादक कृषकहरुबाट उत्पादित लगभग २,००,००० लिटर दूध करीव ८०० दुग्ध उत्पादक सहकारीमार्फत खरीद गरी प्रशोधित दूध एवं दुग्ध पदार्थहरु उत्पादन गर्ने गर्दछ। हाम्रोजस्तो कृषि प्रधान मुलुकमा जनसंख्या वृद्धि, बढ्दो शहरीकरण तथा पौष्टिक खाद्य पदार्थको बढ्दो सचेतताले गर्दा दूध जस्तो महत्वपूर्ण पौष्टिक खाद्यको माग दिनप्रतिदिन बढ्दै गएको छ भने बढ्दो दूधको मागलाई आपूर्ति गर्न दुग्ध विकास संस्थानले ग्रामिण क्षेत्रमा संकलन क्षेत्रको विस्तार गर्दै कृषकहरुबाट उत्पादित दूध संकलन गर्न क्षमताले सक्दो प्रयास गर्दै आएको छ। संस्थानले हाल करीव १,००,००० कृषक परिवारलाई पशुपालन व्यवसाय तथा दुग्ध उत्पादनको अवसर प्रदान गरेको छभने करीव १०,००० व्यक्तिहरुलाई दूध संकलन, सहकारी व्यवस्थापन, दूध ढुवानी तथा दूध तथा दुग्धपदार्थ विक्री वितरण मार्फत प्रत्यक्ष अप्रत्यक्ष रुपमा रोजगारीको अवसर प्रदान गर्नमा महत्वपूर्ण भूमिका खेलेको छ।

## २.संगठनात्मक स्वरुप



## ३. संचालक समितिका हाल वहालवाला पदाधिकारीहरूको नामावली

| क्र.सं. | पद | हाल वहालवाला पदाधिकारीको नाम | वहाल मिति | सम्पर्क ठेगाना | सम्पर्क फोन नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अध्यक्ष, मनोनित | श्री शशी कपुर मिंया | २०६८।७८ (बढीमा २ वर्ष अवधि) | बीरगञ्ज उ.म.न.पा. .-१५, पर्सा । | ९८४५०२२९९१ | नेपाल सरकारले तोकेको व्यक्ति, नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार मनोनित |
| २ | सदस्य, मनोनित | श्री फुलगेन प्रधान | २०६८।४।१० (अर्को व्यवस्था नहुन्जेल) | कृषि विकास मन्त्रालय | ९८४१५५१०४२ | प्रतिनिधि, कृषि विकास मन्त्रालय, विभागीय मन्त्रीस्तर निर्णयबाट मनोनित |
| ३ | सदस्य, प्रतिनिधि | श्री केदार प्रसाद पनेरु, उप-सचिव | २०६५।८।१३ (अर्को व्यवस्था नहुन्जेल) | अर्थ मन्त्रालय | ९८५१०३२८३२ | प्रतिनिधि, अर्थ मन्त्रालय, अर्थ मन्त्रालय (मन्त्रिस्तर) निर्णयबाट मनोनित |
| ४ | सदस्य, मनोनित | श्री धिरेन्द्र प्रसाद यादव | २०६८।४।१० (२ वर्ष अवधि) | पडौल गा.वि.स.२, महोत्तरी | ९८४१२०२५७४ | कृषि विकास मन्त्रालयले तोकेको सम्वन्धित विषय विशेषज्ञ, विभागीय मन्त्रीस्तरको निर्णयानुसार मनोनित |
| ५ | सदस्य, मनोनित | श्री चन्द्र नारायण यादव | २०६८।४।१० (२ वर्ष अवधि) | डिमन गा.वि.स.६, सप्तरी | ९७२३१४७७०५ | कृषि विकास मन्त्रालयलले तोकेको दुग्ध व्यवसायी, विभागीय मन्त्रीस्तरको निर्णयानुसार मनोनित |
| ६ | सदस्य, मनोनित | श्री मोहम्द हई मुसलमान | २०६९।१।२० को निर्णय (२ वर्ष अवधि) | सिसवा-७, कपिलवस्तु | | कृषि विकास मन्त्रालयलले तोकेको दुग्ध उत्पादक कृषक, विभागीय मन्त्रीस्तरको निर्णयानुसार मनोनित |
| ७ | सदस्य सचिव (पदेन) | श्री सियाराम प्रसाद सिंह, महाप्रवन्धक, दुग्ध विकास संस्थान | २०६८।८।१२ (बढीमा २ वर्ष अवधि) | दुग्ध विकास संस्थान | ९८५१०७९८१० | नेपाल सरकार मन्त्रिपरिषद्बाट नियुक्त |

## ४.बजेट रकम र श्रोतहरू

बजेट रु. हजारमा

| आ.ब. | आफ्नै श्रोत | नेपाल सरकार | अन्य श्रोत | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| २०६४/६५ | २१,९८,९०७ | | | २१,९८,९०७ | |
| २०६५/६६ | २५,२३,२०२ | | | २५,२३,२०२ | |
| २०६६/६७ | ३०,७९,९३९ | २३,००० | | ३१,०२,९३९ | ९७.३० नेपाल सरकारलाई फिर्ता |
| २०६७/६८ | ३९,७७,५७७ | १८,००० | | ३९,९५,५७७ | |
| २०६८/६९ | ४१,५०,६१८ | | | ४१,५०,६१८ | |

## ५. अन्तर्गतका निकाय/कार्यालयहरूको विवरण

| क्र. सं. | निकाय/कार्यालय | प्रदान गरिने सेवाहरू | ठेगाना | सम्पर्क व्यक्तिको नाम | फोन नं | फ्याक्स नं. | वेवसाइट तथा इमेल |
|---|---|---|---|---|---|---|---|
| १ | श्री का.दु.वि.आ. | स्थानिय कच्चा दुध संकलन गरी प्रशोधित दूध तथा दुग्ध पदार्थहरु स्थानिय बजारमा उपलब्ध गराउने | औद्योगिक क्षेत्र, बालाजु | श्री गंगा तिमसिना, आयोजना प्रमुख | ४३५००३९ | ४३५००३९ | kmss@balaju.com.np |
| २ | श्री वि.दु.वि.आ. | " " | कन्चनवार, विराटनगर | डा.इश्वरी प्रसाद अधिकारी, आयोजना प्रमुख | ०२१–४२०२३६ | ०२१–४२०२३६ | bmssbrt@yahoo.com |
| ३ | श्री हे.दु.वि.आ. | " " | हेटौडा औद्योगिक क्षेत्र, हेटौडा | श्री इश्वरी राज न्यौपाने, आयोजना प्रमुख | ०५७–५२१८१२ | ०५७–५२१८१२ | hmss@yahoo.com |
| ४ | श्री लु.दु.वि.आ. | " " | लुम्विनी औद्योगिक क्षेत्र, वुटवल | श्री माधव प्रसाद ओझा, आयोजना प्रमुख | ०७१–५४०५४३ | ०७१–५४०५४३ | |
| ५ | श्री ज.दु.वि.आ. | " " | ढल्केवर, धनुषा | श्री विरेन्द्र कुमार भट्ट आयोजना प्रमुख | ०४१–५६००२० | ०४१–५६००२० | |
| ६ | श्री ने.दु.वि.आ. | " " | कोहलपुर, बांके | श्री राजेन्द्र प्रसाद अधिकारी, आयोजना प्रमुख | ०८१–५४००८३ | ०८१–५४००८३ | |
| ७ | श्री ध.दु.वि.आ. | " " | अत्तरीया, कैलाली | श्री बद्री प्रसाद न्यौपाने, आयोजना प्रमुख | ०९१–५५११८६ | ०९१–५५११८६ | |
| ८ | श्री दु.प.वि.वि.आ. | उच्च तथा मध्य पहाडी भागबाट याक, चौरी तथा गाईको कच्चा दूध संकलन गरी याक र कन्चन चीज उत्पादन गरी शहरी क्षेत्रमा विक्री वितरण गर्ने । | लैनचौर, काठमाण्डौ | श्री गिरीधर बज्राचार्य, आयोजना प्रमुख | ४४३२६२४ | ४४१७२१५ | dairydev@mos.com.np |

## ६. हाल प्रदान गरिएका सेवाहरू

| क्र. सं. | सेवाको किसिम | लक्षित समुदाय | शुल्क लाग्ने/नलाग्ने | सेवा लिने मुख्य प्रकृयाहरू | कैफियत |
|---|---|---|---|---|---|
| १ | दुध उत्पादक कृषकहरुलाई बजारको सुनिश्चित व्यवस्था | दुध उत्पादक कृषकहरु | – | कृषक सहकारी संस्था गठन गरि दूध कारोवारको लागि नजिकको आयोजनामा सर्म्पक । | |
| २ | उपभोक्ता वर्गलाई प्रशोधित दूध तथा दुग्ध पदार्थको आपूर्ति । | शहरी उपभोक्ता वर्गहरु | – | नजिकको आयोजनामा विक्री वितरणको लागि सम्पर्क । | |
| ३ | दूध उत्पादन अभिवृद्धिको लागि विविध एक्सटेन्सन कार्यक्रमहरु | दूध उत्पादक कृषक वर्गहरु | – | सहकारी संस्था मार्फत नजिकको आयोजनामा सम्पर्क । | |
| ४ | दुग्ध प्रविधि सम्वन्धि विधार्थीहरुलाई इर्न्टनरसिप तालिमको व्यवस्था । | शैक्षिक संघ /संस्थाका विधार्थीहरु | – | केन्द्रीय कार्यालयमा सम्पर्क । | |

## ७. संस्थान स्थापना भएपछि हालसम्म हाँसिल भएका मुख्य मुख्य उपलव्धीहरू

७.१ संस्थानको आर्थिक स्थितिमा सुधार ल्याउने क्रममा संस्थानले Value Added Product हरु जस्तै मिठाईहरु, फ्रेसमिल्क (Sterilized Milk) , Ice Cream, Yoghurt तथा विभिन्न प्रकारका चीजहरुको उत्पादन गर्ने कार्यमा निरन्तरता दिंदै आएको छ ।

७.२ दूध उत्पादनमा बढीभन्दा बढी कृषकलाई आकर्षित गर्न सरकारी निजी साझेदारी कार्यक्रम ( Public Private Partnership Programe) अन्तर्गत चितवन मिल्क लि. मा २ करोड रुपैयां वरावरको शेयर लगानी गरिएको छ । सो कारखाना सन् २०१० को अप्रिल महिनादेखि संचालनमा आइसकेको छ । संस्थानले सो कारखानासंग सम्झौता गरी फल्स सिजनमा बढी भएको दूध उक्त डेरीलाई उपलव्ध गराई सो दूधबाट उत्पादित स्किम मिल्क पाउडर (SMP) तथा बटरलाई संस्थानले निश्चित Conversion Charge दिई Conversion गराई फिर्ता लिने व्यवस्था गरेको छ । यसबाट फल्स सिजनमा यदाकदा देखिएको मिल्क होलिडेको समस्या पूर्ण रुपमा निर्मूल भएको छ । त्यसैगरी संस्थानलाई दूध नपुग हुने समयमा भारतको पटना स्थित पटना डेरी प्रोजेक्टसंग दैनिक ५० हजार लिटरसम्म कच्चा दूध खरिद गर्ने व्यवस्थालाई सहज गरिएको छ ।

७.३ संस्थानले आफ्नो उत्पादनको गुणस्तरमा निरन्तर सुधार तथा उपभोक्ता वर्गको हितलाई सदैव प्राथमिकता दिंदै आएको छ । यसै सन्दर्भमा बालाजुस्थित काठमाडौं दुग्ध वितरण आयोजना र लैनचौरस्थित दुग्ध पदार्थ विक्री वितरण आयोजनाले आन्तरिक व्यवस्थापनमा व्यापक सुधार गरी Total Quality Management तथा Food Safety को सिद्धान्त अपनाई अन्तराष्ट्रिय स्तरको गुणस्तर प्रमाण पत्र ISO : 22000 : 2005 लिन सफल भएको छ । यसै गरी आगामी दिनहरुमा अन्य आयोजनाहरुमा पनि सो व्यवस्था लागू गर्ने तयारी भैरहेको छ ।

७.४ संस्थानको लेखा प्रणालीलाई आधुनिकीकरण गर्ने सिलसिलामा Computerized Accounting System लाई निरन्तरता दिंदै आएको छ । त्यसैगरी दूध परिक्षणमा पारदर्शिता तथा दुग्ध उत्पादक कृषकहरुको माझमा दूधको परिक्षण भरपर्दो, विश्वासिलो बनाउने उद्देश्यले संस्थानमा नियमित दूध उपलव्ध गराउने केही दुग्ध उत्पादक सहकारी संस्थाहरु तथा संस्थान अन्तर्गतका आयोजनाहरुको

Milk Reception System मा AMCU (Automatic Milk Collection Unit) उपलब्ध गराई दूध परिक्षण गर्ने व्यवस्था मिलाईएको छ ।

७.५ दूध, ध्यूको उत्पादन क्षति, स्टोर क्षति आदि पनि न्यूनीकरण गरिएको छ ।

७.६ काठमाडौं दुग्ध वितरण आयोजनाको उत्पादन तथा विक्रीको Software विकास गरी कार्यान्वयनमा ल्याइएको छ र यसै आ.ब. २०६८।०६९ मा पनि सम्पूर्ण आयोजनाहरुमा सो Software जडान गरिनेछ ।

७.७ बजारमा प्रशोधित दूधको मागलाई पूर्ति गर्न आगामी दिनमा काठमाडौं दुग्ध वितरण आयोजनाको प्रशोधन कारखानाको क्षमता १.४० लाख लिटरबाट विस्तार गरी दैनिक २ लाख लिटर दूध उत्पादन गर्न Feasibility Study भै Plant Layout समेत तयार भैसकेको र Expansion कार्य अविलम्व अगाडी बढाउने प्रक्रिया शुरु भैसकेको छ । संस्थानले नेपाल सरकारसंग खुमलटारस्थित NARC को ६ रोपनी जग्गा आफ्नो नाममा हस्तान्तरण गराई उक्त जग्गामा लैनचौरस्थित दुग्ध पदार्थ विक्री वितरण आयोजनाको कारखानालाई क्षमता विस्तार गरी सार्ने योजनाको सम्पूर्ण Layout समेत तयार भैसकेको छ ।

७.८ वुटवलमा अवस्थित कारखानालाई Upgrade गरी दैनिक १० हजार लिटर क्षमताको बनाउने र सोही कारखाना हाताभित्र भविष्यमा UHT दूध उत्पादन गर्ने अत्याधुनिक कारखाना स्थापनाको लागि कारखाना Expansion तथा उपकरण जडान कार्य भै रहेको छ ।

७.९ मुलुकको सन्तुलित विकासको दृष्टिकोणबाट सुदूरपश्चिमान्चलका सडकसंग जोडिएका जिल्लाहरुलाई राष्ट्रिय दूध सम्वाहन प्रणाली (National Milk Grid) मा आवद्ध गर्ने र सो भेगमा Satelite Dairy Plant को अवधारणा अगाडी सारी सोको लागि कैलालीको अत्तरीयामा प्रति घण्टा २,००० लिटर क्षमताको प्रशोधन कारखाना स्थापनाको लागि नेपाल सरकारबाट अनुदानस्वरुप २ करोड रुपैयां प्राप्त भएको छ । सो अनुरुप अत्तरीयामा धनगढी दुग्ध वितरण आयोजना स्थापना गरी दूध संकलन कार्य शुरु भैसकेको छ ।

७.१० धनुषा जिल्लाको ढल्केवरमा प्रति घण्टा २,००० लिटर क्षमताको Yoghurt Based Milk Plant आ.ब. २०६६।०६७ देखि संचालनमा आइसकेको छ र हाल सोको बजार विस्तार कार्य भैरहेको छ ।

७.११ संस्थानबाट उत्पादित दुग्धजन्य पदार्थको बढ्दो मागलाई पूर्ति गर्न तथा उत्पादनमा सन्तुलन ल्याउन उच्च पहाडी भेगमा विगतमा संचालन भै केही वर्षदेखि बन्द रहेको चीज उत्पादन केन्द्रहरु भिमखोरी पौवा (काभ्रे) संचालनमा ल्याइएको छ भने नयाँमा गतलाङ्ग (रसुवा) मा याक चीज केन्द्र, इलामको माइपोखरी तथा नयाँबजारमा कन्चन चीज कारखाना खोली चीज उत्पादन कार्य भई रहेको छ ।

७.१२ मुलुकका डेरी उद्योगहरुमा हाल देखिएको दक्ष जनशक्तिको कमीलाई पूर्ति गर्न वर्तमान शिक्षण संस्थाहरु मध्ये डेरी विषयको अध्यापन गराउन सक्ने संस्थालाई Practical Work तथा Inplant Training को लागि संस्थानको सुविधाहरु उपलब्ध गराईएको छ ।

७.१३ क्षेत्रीय विकासमा सन्तुलन तथा किसानहरुको आयवृद्धिको लागि डेरीको विकास मध्यपश्चिमान्चल तथा सुदुरपश्चिमान्चलमा पनि हुनुपर्ने आवश्यक देखिएको हुंदा बांकेको कोहलपुरमा सहकारी क्षेत्रमा स्थापना भएको प्रशोधन कारखानाको स्वामित्व संस्थानले लिई कारखाना संचालन गरी दूध तथा दुग्ध पदार्थ उत्पादन गरी विक्री वितरणको कार्य शुरु भएको छ ।

७.१४ हाल देशमा देखिएको दूध उत्पादनमा कमीको एक प्रमुख कारणमा दुग्ध उत्पादक कृषकहरुको पशुमा लगानी गर्ने क्षमताको कमीलाई मध्यनजर राखी संस्थानअन्तर्गतका आयोजनाहरुमा दूध उपलब्ध गराउने सहकारी संस्थाहरुका कृषकहरुलाई पशु खरिद गर्न वाणिज्य बैंकहरुमध्ये प्राइम

कमर्सियल बैंक, एन.एम.वि. बैंक, हिमालयन बैंक र बैंक अफ काठमाडौंसंग संस्थानले समझदारी गरी संस्थान, बैंक र दुग्ध उत्पादक सहकारी संस्थावीच त्रिपक्षीय सम्झौताको अधिनमा रही संस्थानले गठन गरेको ऋण लगानी उप समितिको सिफारिसमा न्यूनतम व्याजदरमा दूध उत्पादक कृषकहरुलाई प्रति व्यक्ति रु. ६० हजारसम्म गाई भैसी खरिदको लागि ऋण लगानीको कार्य भैरहेको छ। ऋणको नियमित मासिक किस्ता संस्थानलाई दूध विक्री गरेवापत संस्थानबाट सहकारी संस्था मार्फत कृषकहरुले पाउनुपर्ने रकम मध्येबाट निश्चित रकम कट्टा गरी तीन वर्ष भित्र वैंकलाई ऋण चुक्ता गर्ने व्यवस्था मिलाइएको छ। यस कार्यक्रमअन्तर्गत हालसम्म करीव रु. ८ करोड ५० लाख ऋण प्रवाहबाट करीव १५०० दुग्ध उत्पादक कृषकहरु लाभान्वित भएका तथा यसबाट दूध उत्पादन अभिवृद्धि कार्यमा समेत टेवा पुगेको छ।

७.१५ ग्रामिण क्षेत्रहरुमा दुग्ध उत्पादनमा ह्रास आएको हुनाले उक्त क्षेत्रहरुमा सुधार ल्याउने उद्देश्यले दुग्ध विकास संस्थानले आ.ब.२०६७०६८ देखि दूध अभिवृद्धि कार्यक्रम आफ्नै श्रोत र साधन प्रयोग गरी संचालन ल्याइएको छ।

७.१६ कृषि विकास मन्त्रालयको रु.३० लाखको अनुदान सहयोगमा दुग्ध विकास संस्थानद्वारा ग्रामिण महिला कृषक वर्गहरुलाई केन्द्रविन्दु वनाई तिनीहरुको सशक्तिकरणको साथै समाजको अग्रणी भूमिकामा दुग्ध उत्पादन व्यवसायमार्फत अग्रसर गराई आर्थिक रुपले उनीहरुलाई सबल समेत बनाउने उद्देश्यले गाई/माई कार्यक्रम आ.ब.२०६६/६७ देखि संस्थानको कार्यक्षेत्र भित्र समेटिएका विभिन्न ९ जिल्लाहरुमा संचालन एवं त्यसको विस्तारमा निरन्तरता दिदै आइएको छ। यस कार्यक्रमबाट आ.ब.२०६६/६७ मा १० वटा संस्थामा ४३९जना महिला दुग्ध उत्पादक कृषकहरुलाई ४३९ गोटा गाई/भैसी बैंकबाट ऋण प्रवाह गरी उपलब्ध गराइएको छ।

**<u>गाई/माई कार्यक्रम</u>**

क) महिलाहरुको मात्र सदस्य रहेको र महिलाहरुबाट सन्चालित सहकारी संस्थामा ५० जना महिला सहस्यहरुलाई बैंकबाट सहुलियत व्याज दरमा पशु ऋण उपलब्ध गराई कर्जा प्रवाह भएकोमा ४.५ प्रतिशत व्याज अनुदान सहयोग उपलब्ध गराइएको ।

ख) अनिवार्य पशुधन सुरक्षणको व्यवस्था र पशुधनको सुरक्षण वापत लाग्ने दस्तुर रकममा ५० प्रतिशत वा वढिमा रु.१५००/– अनुदान सहयोग गरिएको।

ग) गाईका संरक्षक/धनी माईहरुको जीवन विमा रकममा रु.७०,०००/– बाह्र वर्षे अवधिको र त्यसमा लाग्ने वार्षिक दस्तुरको ५० प्रतिशत अनुदान सहयोग उपलब्ध गराइएको।

## ८. मुख्य कार्यालयको ठेगाना

| | |
|---|---|
| पुरा ठेगाना | : दुग्ध विकास संस्थान, लैनचौर, काठमाण्डौ। |
| फोन नम्वर | : ४४१४८४१ |
| फ्याक्स नं. | : ४४१७२१५ |
| वेवसाइट | : www.dairydev.com.np |
| इमेल | : dairydev@mos.com.np |
| सम्पर्क व्यक्ति/फोकल पर्सनको नाम | : श्री भैरव प्रसाद मानन्धर |
| सम्पर्क फोन नं. | : मो.९८४१७४००९८ |
| प्रवक्ता/सूचना अधिकारीको नाम | : श्री भैरव प्रसाद मानन्धर |
| सम्पर्क फाने नं. | : मो.९८४१७४००९८ |
| गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क फोन नं. | : ४०२४०२९, ४४११७१०, ४४१३६९६ एक्सटेन्सन नं.२४१ |

## घ) कृषि सामग्री कम्पनी लिमिटेड

### १. परिचय

### पृष्ठभूमि

नेपालमा सन १९५० को दशकको शुरु देखि रासायनिक मलखादको प्रयोग शुरु भएको पाईन्छ। शुरुको अवस्थामा केही निजी व्यापारीहरुले भारत र तत्कालिन सोभियत संघबाट एमोनियम सल्फेट मल आयात गरी बिक्री वितरण गरेको पाईन्छ। तर वि.सं.२०२२ मा तत्कालिन कृषि सप्लाई संस्थानको स्थापना भएपछि नेपालमा व्यवस्थित रुपमा मलखादको कारोवार शुरु भई क्रमश: मलखादको खपत एवं माग बढ्दै गएको देखिन्छ।

देशमा कृषि उत्पादन बृद्धिको लक्ष्य हाँसिल गर्न मलखादको प्रयोगप्रति कृषकलाई आकर्शित गर्न तथा अन्तर्राष्ट्रिय बजारमा भएको मलखादको मूल्य बृद्धिबाट कृषकहरुलाई राहत दिन आ.ब.२०३०।०३१ देखि मलखादमा अनुदान दिने नीति सरकारले लियो। मलखादको मूल्यमा भएको निरन्तर बृद्धि र वढ्दो आन्तरिक खपत एवं मागको कारण वर्षेनी ठूलो रकम अनुदानमा खर्चिनु पर्ने भयो। पछिल्लो समय सरकार आवश्यक मात्रामा अनुदान रकम विनियोजन गर्न असमर्थ भई कृषि सामग्री संस्थानलाई सरकारले तिर्नुपर्ने अनुदान खर्चको भार बर्षेनी वढ्दै जान थाल्यो। यसै क्रममा आ.व. २०५४।५५ देखि चरणवद्ध रुपमा अनुदानको व्यवस्था हटाउन शुरु गरी आ.ब. २०५६।०५७ देखि पुरै हटाईयो। यस बेलादेखि मलखादको कारोवारमा रहंदै आएको कृषि सामग्री संस्थानको एकाधिकार अन्त्य भई सरकारले लिएको खुला बजार नीतिअनुरुप निजी क्षेत्रलाई समेत मलखादको कारोवारमा संलग्न गराईयोभने तत्कालिन कृषि सामग्री संस्थानलाई मल बीउको कारोवार गर्ने गरी कम्पनी ऐन २०५३ अन्तर्गत मिति २०५९।१।२५ मा कृषि सामग्री कम्पनी लिमिटेड (कृ.सा.कं.लि.) र राष्ट्रिय बीउ बिजन कम्पनी लि. गरी दुईवटा कम्पनीहरु स्थापना भए।

रासायनिक मलखादमा अनुदान दिने व्यवस्था हटेपछि आपूर्तिमा सुधार भई मलखादको सर्वशुलभ उपलव्धता सुनिश्चित हुने ठानिएको थियो। शुरुका केहि वर्षमा आपूर्ति स्थितिमा केही सुधार देखिएता पनि अन्तर्राष्ट्रिय बजारमा मलखादको मूल्य निरन्तर वढ्दै जानु र छिमेकी मित्रराष्ट्र भारतबाट खुला सिमानाको कारण यस्तो मल भित्रिने क्रम वढ्नु जस्ता कारणहरुले गर्दा कम्पनी र निजी क्षेत्रबाट हुने औपचारिक आयात उल्लेख्य रुपमा न्यून हुंदै गयो। अर्कोतर्फ भारतबाट लुकिछिपी नेपाल भित्रिने मलमा गुणस्तरका समस्या रहेको व्यापक गुनासो आउन थाल्यो।

भारतमा मल लगायतका कृषि सामग्रीहरुमा सरकारले ठूलो धनराशी अनुदानमा खर्चिने हुंदा एकातर्फ त्यहाँ उत्पादित कृषि उपजसंग नेपालको कृषि उपजले प्रतिस्पर्धा गर्ने अवस्था झन कमजोर हुँदै गयोभने अर्कोतर्फ देशभित्रै साना तथा सिमान्त कृषकहरुलाई राज्यले सहुलियत दिनुपर्ने वारे कृषि नीति लगायतका राष्ट्रिय नीतिहरुले व्यवस्था गरेअनुरुप कृषकलाई सहुलियत दिनुपर्नेवारे सबै क्षेत्रबाट आवाज उठ्न थाल्यो। यस परिप्रेक्ष्यमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६५।१२।१२ को निर्णयबाट रासायनिक मलखाद खरीदको लागत मूल्यमा अनुदान दिने व्यवस्था मिलाई त्यसको जिम्मेवारी कृषि सामग्री कम्पनी लि. ले पायो।

कम्पनी ऐन २०५३ अन्तर्गत स्थापना हुने (शेयरहरुमा सिमित दायित्व भएको) कृषि सामग्री कम्पनी लिमिटेडको नियमावली, **कृषि सामग्री कम्पनी लि. कर्मचारी प्रशासन विनियमावली तथा आर्थिक प्रशासन विनियमावली २०५९** अनुसार यस कम्पनीले कार्यसंचालन गर्दै आएको छ।

विगत २ आ.ब.मा कम्पनीबाट निम्नानुसारको रासायनिक मल विक्री वितरण भएको छ ।

| मलको किसिम | आ.ब. २०६६।०६७ | आ.ब. २०६७।०६८ |
|---|---|---|
| युरिया | ५०२३७ | ८५११९ |
| डि.ए.पी. | २५२१० | २२०२१ |
| पोटास | २३५९ | २८१८ |
| कम्प्लेक्स | ३८०० | ० |
| जम्मा : | ८१६०५ | १०९९५८ |

**दृष्टिकोण**

(क) रासायनिक मल खरिद प्रकृया सरल पारदर्शी एवं प्रभावकारी बनाई मलको कारोवारलाई मूख्य व्यवसायको रुपमा परिचालन गर्ने ।

(ख) रासायनिक मलको आपूर्ति व्यवस्थालाई निरन्तरता दिन आवश्यकताअनुसार ग्लोवल टेण्डरका साथै सरकारी स्तरमा कार्यवाही भई भारत सरकारका अतिरिक्त अन्य मित्रराष्ट्रका निकायबाट आपूर्ति व्यवस्था मिलाउने ।

(ग) वस्तुगत सहायता अन्तर्गत मित्रराष्ट्रहरुबाट प्राप्त हुने मलखादको कारोवार गर्ने ।

**उद्देश्य**

उपलब्ध साधन र श्रोतको अधिकतम उपयोग गरी रासायनिक मल एवं झोल मलको कारोवारमा उल्लेखनीय प्रभावकारीता ल्याउनुको अतिरिक्त आय आर्जन हुने अन्य कार्यक्रमसमेत संचालन गरी सक्षम,सवल एवं नाफामूलक संस्थाको रुपमा कम्पनीलाई स्थापित गर्ने ।

**रणनीति**

(अ) रासायनिक मल एवं झोल मल कारोवारमा प्रभावकारीता ल्याउने ।

(आ) कम्पनीलाई आय आर्जन हुने कार्यक्रम संचालन गर्ने ।

(इ) भौतिक सम्पत्तिको मर्मत सुधार एवं प्रभावकारी उपयोग गर्ने ।

**तोकिएको कार्य जिम्मेवारी/कार्यक्षेत्र**


भारत तथा तेश्रो मुलुकबाट समेत रासायनिक मल खरिद गरी मुलुकभर किसानहरुलाई सहज रुपले विक्री वितरण गर्ने ।

२. **संगठनात्मक स्वरूप**

**संस्थाको उद्देश्य अनुरुप कार्यसम्पादनको लागि निम्नानुसारको दरवन्दी स्विकृत भएको छ ।**

| | | | |
|---|---|---|---|
| **कूल दरबन्दी संख्या :** | ३३० | | |
| **हाल कार्यरत संख्या :** | २०३ | प्राविधिक संख्या : ४ | अप्राविधिक संख्या :१९९ |

**कृषि सामग्री कंपनीको संगठनात्म स्वरूप**



## ३. संचालक समितिका हाल वहालवाला पदाधिकारीहरूको नामावली

| सि. नं. | पद | हाल बहालवाला पदाधिकारीको नाम | नियुक्ती मिति | सम्पर्क ठेगाना | सम्पर्क फोन | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | अध्यक्ष (मनोनित) | श्री मोहम्मद खालीद | २०६८।७८ (बढीमा ३ वर्ष अवधि) | सिरहा | ९७४३०१८६६६ ९८५२८३०७३६ | नेपाल सरकारले तोकेको व्यक्ति, मन्त्रिपरिषद् निर्णयबाट मनोनित |
| २. | सदस्य, प्रतिनिधि | श्री खुमराज पुन्जाली | २०६६।१२।२७ | अर्थ मन्त्रालय | ९८५१०१५०११ | प्रतिनिधि, अर्थ मन्त्रालय |
| ३. | सदस्य (मनोनित) | श्री फुलगेन प्रधान | २०६६।१०।१० (अर्को व्यवस्था नभए सम्मको लागि) | कृ.वि.मन्त्रालय | ९८५११२८६२७ | प्रतिनिधि, कृषि विका मन्त्रालय, विभागीय मन्त्रीस्तर निर्णयबाट मनोनित |
| ४. | सदस्य (मनोनित) | श्री देवेश झा | २०६८।१०।२ (३ वर्ष अवधि) | मधवापुर गा.वि.स. सप्तरी | ९८५१०५५७०० | कृषि विकास मन्त्रालयले तोकेको सम्वन्धित विषय विशेषज्ञ, विभागीय मन्त्रीस्तर निर्णयबाट मनोनित |
| ५. | सदस्य सचिव | श्री शशिराज तुलाधर का.मु.प्रवन्धक (माननीय मन्त्रिस्तरको मिति २०६८।१२।२ को निर्णयानुसार निमित्त प्रवन्ध संचालक तोकिएको ।) | २०६८।१२।२ | कृ.सा.कं.लि. | ९८४१५३९००५ | मं.प.को ०६६।७।१३ को निर्णयानुसार बढीमा ३ वर्षको लागि नियुक्ति हुनु भएका प्रवन्ध संचालक पशुपति गौतमलाई मा.मन्त्रीस्तरको मिति ०६८।१२।२ को निर्णयानुसार मन्त्रालयमा खाद्य तथा पोषण सुरक्षा योजना सम्वन्धी सल्लाहकारको काम तोकिएको । |

## ४. बजेट रकम र श्रोतहरू

रु.हजारमा

| आ.ब. | आफ्नै श्रोत | नेपाल सरकार | अन्य श्रोत | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| २०६४/६५ | ७१२७६ | | | ७१२७६ | |
| २०६५/६६ | ८९४७५ | | | ८९४७५ | |
| २०६६/६७ | ८७०८८ | | | ८७०८८ | |
| २०६७/६८ | १६९५१७ | | | १६९५१७ | |
| २०६८/६९ | १६९७०७ | | | १६९७०७ | |

## नेपाल सरकारबाट लागत अनुदान प्राप्त गरेको रकम (आर्थिक वर्ष : २०६८/०६९) :

| शिर्षक | कूल अनुदान |
|---|---|
| रासायनिक मलको लागि | २,८३,००,००,०००।- |
| भर्मिकम्पोष्ट प्रांगारिक मलको लागि | ५,२७,००,०००।- |
| जम्मा : | २,८८,२७,४३,०००।- |

## ५. अन्तर्गतका निकाय/कार्यालयहरूको विवरण

### क्षेत्रीय/शाखा/प्रशाखा/विक्री केन्द्र कार्यालयहरू

| सि. नं. | कार्यालय | टेलिफोन नं. | प्रमुखको नाम | कार्यालय | टेलिफोन नं. | प्रमुखको नाम |
|---|---|---|---|---|---|---|
| | पुर्वाञ्चल | | | पश्चिमाञ्चल | | |
| १. | क्षे.का.विराटनगर | ०२१५२५४२८ | श्री दिनेशकुमार श्रेष्ठ | क्षे.का. पोखरा* | ०६१५२०४१६ | श्री शान्ति पौडेल |
| २. | उ.शा.का.धनकूटा | ०२६५२०२४९ | श्री कृष्णप्रसाद लामिछाने | शा.का. भैरहवा * | ०७१५२०१४० | श्री अजयकूमार श्रीवास्तव |
| ३. | उ.शा.का. विर्तामोड | ०२३५४०००५ | श्री नरेशकूमार सापकोटा | उ.शा.का. दमौली | ०६५५६०१९३ | श्री बलबहादूर पन्थ |
| ४. | उ.शा.का. लहान | ०३३५६०२८४ | श्री तेजबहादुर कार्की | उ.शा.का. परासी | ०७८५२०१२० | श्री भरतप्रसाद आचार्य |
| ५. | उ.शा.का. इटहरी | ०२५५८३२३१ | श्री नवरत्न गौतम | प्र.शा.का. पर्वत | ०६७४२०१४३ | श्री नारायणप्रसाद शर्मा |
| ६. | उ.शा.का. इलाम | ०२७५२००१७ | श्री चन्द्रप्रसाद चौलागाईं | प्रशाखा.बहादूरगंज | ०७६५३००४९ | श्री सूरेन्द्रप्रसाद मौर्य |
| ७. | उ.शा.का. राजविराज | ०३१५२०२९७ | श्री राजेन्द्रकूमार श्रेष्ठ | प्रशाखा स्याङ्गजा | ०६३४२०१३६ | श्री केदार शर्मा अर्याल |
| ८. | वि.केन्द्र उदयपूर,गाईघाट | ०३५४२०१०३ | श्री जितबहादूर राई | प्रशाखा तौलिहवा | ०७६५६००२२ | श्री विष्णूप्रसाद अर्याल |
| ९. | | | | उपशाखा पाल्पा | ०७५५२०१३८ | श्री बिनोदकूमार श्रेष्ठ |
| | मध्यमाञ्चल | | | मध्यपश्चिमाञ्चल | | |
| १. | क्षे.का. वीरगंज | ०५१५२२०३० | श्री हरिप्रसाद गजूरेल | क्षे.का. नेपालगंजड | ०८१५२०३४२ | श्री यादवप्रसाद पौडेल |
| २. | मू.शा.का. काठमाडौं | ०१४२७९७२१ | श्री चण्डिकाप्रसाद भट्टराई | उ.शा.का. सूर्खेतड | ०८३५२०२८२ | श्री हरिश्चन्द्र न्यौपाने |
| ३. | शा.का. जनकपूरड | ०४१५२०४०७ | श्री विष्णूकान्त झा | उ.शा.का.दाङ्ग( | ०८२५६००४० | श्री तीर्थराज |

| सि. नं. | कार्यालय | टेलिफोन नं. | प्रमुखको नाम | कार्यालय | टेलिफोन नं. | प्रमुखको नाम |
|---|---|---|---|---|---|---|
| | | | | घोराही)ड | | न्यौपाने |
| ४. | शा.का. धूलिखेल | ०११४९०३०६ | श्री हरिप्रसाद ढकाल | प्रशाखा गुलरिया | ०८४४२०१०८ | श्री नरहरि पोखेल |
| ५. | उ.शा.का. हेटौंडा | ०५७५२०३८६ | श्री पुरुषोत्तमकूमार सिंह | प्र.शा.का. लमही | ०८२५४०१२० | श्री बिष्णूप्रसाद के.सी. |
| ६. | उ.शा.का. भरतपूर | ०५६५२०११३ | श्री रविन्द गौतम | प्रशाखा तूल्सीपूर | ०८२५२००१० | श्री प्रकाश डांगी |
| ७. | उ.शा.का. च.पूर | ०५५५४०२२५ | श्री प्रतापमान शाक्य | **सुदुरपश्चिमाञ्चल** | | |
| ८. | उ.शा.का. त्रिशूली | ०१०५६०११४ | श्री रामहरि शाही | क्षे.का. धनगढी ड | ०९१५२१३१० | श्री विदूरकूमार थापा |
| ९. | उ.शा.का. मलंगवा | ०४६५२०११० | श्री पूण्यप्रसाद उपाध्याय | उ.शा.का. महेन्द्रनगर | ०९९५२१३४३ | श्री भरतबहादूर स्वांर |
| १० | उपशाखा ढल्केवर | ०४१५६०००८ | श्री रामप्रसाद प्रधान | प्र.शा.का. दिपायल | ०९४४४०२८० | श्री राजेन्द्रप्रसाद न्यौपाने |
| ११. | वि.केन्द्र सिन्धूली | ०४७५२०११७ | श्रीकण्ठप्रसाद उपाध्याय | | | |
| १२. | उपशाखा गजूरी | ०१०६९०५८४ | श्री रामचन्द्र के.सी. | | | |

| कार्यालय | कार्यालय संख्या |
|---|---|
| प्रधान कार्यालय | १ |
| क्षेत्रीय कार्यालय | ५ |
| मुख्य शाखा कार्यालय | २ |
| शाखा कार्यालय | २ |
| उप-शाखा कार्यालय | २० |
| प्रशाखा कार्यालय | ७ |
| बिक्री केन्द्र | २ |
| **जम्मा** | **३९** |

## ६. हाल प्रदान गरिएका सेवाहरू

| क्र.सं. | सेवाको किसिम | लक्षित समुदाय | शुल्क लाग्ने/नलाग्ने | सेवा लिने मूख्य प्रकृयाहरू | कैफियत |
|---|---|---|---|---|---|
| १ | युरिया | सीमान्तकृत कृषक | अनुदानित मूल्यमा सहकारी संघ/संस्था/पसल मार्फत बिक्री वितरण गर्ने | सहकारी मार्फत | |
| २ | डि.ए.पि | | | | |
| ३ | पोटास | | | | |

## ७. संस्था स्थापना भएपछि हालसम्म हाँसिल भएका मुख्य मुख्य उपलब्धी

७.१ तत्कालिन कृषि सामग्री संस्थानले स्थापनाकाल देखि रासायनिक मलखाद बीउ बिजन औषधि औजारहरुको विक्री वितरण गर्दै आएकोमा २०५९ सालमा कृषि सामग्री कम्पनी लि.मा परिणत भएपछि निरन्तर रुपमा रासायनिक मलको कारोवारमा क्रियाशिल रही आएकोछ।

कृषि विकास मन्त्रालयबाट अनुदान प्राप्त हुनु भन्दा ३ वर्ष पहिले खरीद गरेको रासायनिक मल यस प्रकार रहेको छ :

(क) युरिया : ३९,७६२.०५० मे.टन
(ख) डि.ए.पी.: १०,०००.००० मे.टन
(ग) कम्प्लेक्स : १०,०००.००० मे.टन

**अनुदान प्राप्त भएपछि ३ वर्षको खरीद गरेको रासायनिक र प्रांगारिक मल** *परिमाण : मे.टन*

| मल | तेश्रो मुलुकबाट | भारतबाट | जम्मा |
|---|---|---|---|
| यूरिया | १,२६,३८३.७५० | १,२०,९६८.३०० | २,४७,३५२.०५० |
| डि.ए.पी. | ६०,००० | १७,५०० | ७७,५०० |
| पोटास | - | ७,५०० | ७,५०० |

**आ.ब. २०६८/६९ मा खरिद गरिएको नेपालमा उत्पादित भर्मिकम्पोष्ट मल :४,२०० मे.टन**

विगत दुइ आ.ब.मा कम्पनीबाट निम्नानुसारको रासायनिक मल विक्री वितरण भएको छ।

| बिबरण | २०६६।०६७ | २०६७।०६८ |
|---|---|---|
| युरिया | ५०२३७ | ८५११९ |
| डि.ए.पि | २५२१० | २२०२१ |
| पोटास | २३५९ | २८१८ |
| कम्प्लेक्स | ३८०० | ० |
| जम्मा | ८१६०५ | १०९९५८ |

### ७.२ कम्पनीको वित्तीय स्थिति तर्फ

अनुदानित मूल्यमा सीमान्तकृत कृषकहरुलाई विभिन्न रासायनिक मलखाद सहकारी संघ/संस्था/पसल मार्फत विक्री वितरण गरी आ.ब. २०६६/०६७ मा रु.११३५०२८४१।- र ०६७।०६८ मा करीब रु.१८ करोड भन्दा वढी नाफा हुने स्थिति देखिएको छ।

## ८. मूख्य कार्यालयको ठेगाना

पुरा ठेगाना : कृषि सामग्री कम्पनी लिमिटेड,
पोष्ट वक्स नं.१९६ कुलेश्वर, काठमाडौ नेपाल
फोन नं. : ४२७९७१५, ४२७९७१७, ४२७९७१९, ४२७९३६१, ४२७९३६२, ४२७९७१६
फ्याक्स नं. : ०७७-१-४२७८९०
वेव साइट- : www.aicl.org.np
इमेल : aicl@ntc.net.np
सम्पर्क व्यक्तिको नाम : कुसुमलता राजभण्डारी फोन.नं.४२७९३६१

## ङ) राष्ट्रिय बीउ बिजन कम्पनी लि.

### १. परिचय

**पृष्ठभूमि**

नेपाल सरकारले बीउ बिजनको कारोवारमा निजी क्षेत्रको समेत सहभागीता गराउने नीति लिएको र संस्थानलाई निजी क्षेत्रसंग प्रतिस्पर्धात्मक बनाउन संस्थानको संरचना सुधार गरी बीउ बिजन र मलको कारोवारलाई दुइ छुट्टाछुट्टै संस्थाबाट सञ्चालन गर्ने नीतिअनुरुप नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०५९/१/२५ को निर्णय अनुसार कृषि सामग्री संस्थानले गर्दै आएको बीउ बिजनको कारोवारलाई निरन्तरता दिने गरी कम्पनी कम्पनी ऐन २०५३ अर्न्तगत २०५९/१/२५ मा राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेडको स्थापना भएको हो । बीउ बिजनको कारोवारमा नीजि क्षेत्रसंग प्रतिस्पर्धा गरी काम गर्नु परेको स्थिती रहेकोले गुणस्तरयुक्त बीउ बिजन किसानहरुको घर दैलो सम्म पुऱ्याउन डिलरहरु मार्फत समेत बिक्री बितरण गर्दै आएको छ ।

**दृष्टिकोण**

क्रयशक्ति कम भएका कृषक, कृषि पेशाबाट विमुख भएका साना किसानहरुलाई विकसित आधुनिक कृषि सामग्रीको प्रयोग गर्न लगाई खाद्य उत्पादनमा वृद्धि ल्याई कृषकहरुको जीवनस्तर माथी उठाउन देशमा ६ देखि ७% मात्र उन्नत बीउको प्रयोग हुने गरेकोले खाद्यान्न वाली बीउको प्रयोगमा वृद्धि ल्याई २५% सम्म पुऱ्याउने ।

**उद्देश्य**

कृषि उत्पादनको लागि आवश्यक पर्ने खाद्यान्न, तरकारी तथा अन्य वालीका प्रजनन, मूल बीउ लगायत उन्नत बीउ उत्पादन, खरिद, प्रशोधन, संचय तथा विक्री वितरणको कार्य व्यवसायिक रुपमा गर्ने ।

**रणनीति**


अ) कम्पनीको ९ वटा कार्यालय मार्फत गुणस्तरयुक्त बीउ बिजन विक्री गर्ने क्रममा आ.ब. ०६७/६८ मा करिव ४५०० मे.टन. बीउ बिजन विक्री गरेको छ भने चालु आ.ब. ०६८/६९ मा करीव ८००० मे.टन. बीउ बिजन विक्री गर्ने लक्ष रहेको छ जसमा लाखौ कृषि परिवारको संलग्नता रहने छ ।

आ) सेवा र परिमाण वढाउनको लागि जगेडा बीउ भण्डारण गर्नेतर्फ प्रयास/प्रयत्न भै रहेको छ ।

**तोकिएको कार्य जिम्मेवारी/कार्यक्षेत्र**

- कृषकस्तरमा बीज वृद्धि कार्यक्रम संचालन गरी विभिन्न जातको गुणस्तरीय बीउ बिजन विक्री गर्ने ।
- नेपाल सरकारबाट वेला वेलामा राहतमा वितरण हुने बीउ कम्पनीले उपलव्ध गराउने ।
- आवश्यकताअनुसार बीउ प्रशोधन कारखानाको स्थापना गरी संचालन गर्ने ।

२.संगठनात्मक स्वरुप



**कम्पनीको उद्देश्य अनुरूप कार्य सम्पादन गर्न निम्नानुसारको दरबन्दी विवरण स्वीकृत भएको छ ।**

| क्र.सं | पद | श्रेणी | सेवा (प्राविधिक प्रशासनीक) | स्वीकृत दरवन्दी संख्या | हालको स्थायी पदपूर्ती संख्या |
|---|---|---|---|---|---|
| १ | प्रबन्धक सञ्चालक | बिशिष्ठ | प्रा. | १ | १ |
| २ | ना.प्र. सञ्चालक | अ. प्र. | प्रा. | २ | १ |
| ३ | महाशाखा प्रमुख/मु.शा.प्र. | अ. द्वि. | प्रा. | ५ | ३ |
| ४ | महाशाखा प्रमुख/मु.शा.प्र. | अ. द्वि. | अ.प्रा. | ४ | ३ |
| ५ | कृषिअधिकृत | अ. तृ. | प्रा. | १७ | १३ |
| ६ | सि. प्लाण्ट अपरेटर | अ. तृ. | प्रा. | २ | २ |
| ७ | शाखा अधिकृत | अ. तृ. | अ.प्रा. | ५ | ३ |
| ८ | बरिष्ठ सहायक | स. प्र. | अ.प्रा. | १० | ३ |
| ९ | प्लाण्ट अपरेटर | स. प्र. | प्रा. | २ | – |
| ९ | जे. टि | स. प्र. | प्रा. | ५ | – |
| १० | सहायक | स. द्वि. | अ.प्रा. | ११ | १ |
| १० | सहायक तृतीय | स. द्वि. | प्रा. | १ | – |
| १० | नायब प्राबिधिक सहायक | स. द्वि. | प्रा. | ३ | – |
| ११ | चालक द्वितीय | | अ.प्रा. | ३ | १ |
| १२ | चालक तृतीय | | अ.प्रा. | ५ | २ |
| १३ | पियन/चौकिदार | श्रेणी बिहिन | अ.प्रा. | १९ | ५ |
| | जम्मा : | | | ९५ | ३६ |

## ३. संचालक समितिका हाल बहालवाला पदाधिकारीहरूको नामावली

| क्र. सं | पद | हाल बहालवाला पदाधिकारीको नाम | नियूक्ती मिति | सम्पर्क ठेगाना | सम्पर्क फोन नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अध्यक्ष (मनोनित) | श्री जयनाथ राय यादब | २०६८।७८ (बढीमा २ वर्ष अवधि) | गेडहिगुठि गाबिस-५,रौतहट | – | नेपाल सरकारले तोकेको व्यक्ति, मं.प.बाट मनोनयन |
| २ | सदस्य, मनोनित | श्री फुलगेन प्रधान, सह-सचिव | २०६८/९/२७ (अर्को व्यवस्था नभए सम्म) | कृषि विकास मन्त्रालय | | प्रतिनिधि, कृषि विकास मन्त्रालय, विभागीय मन्त्रीस्तर निर्णयबाट मनोनित |
| ३ | सदस्य, प्रतिनिधि | श्री जनक राज पन्त, सह-सचिव | २०६५।८।१३ (अर्को व्यवस्था नभए सम्म) | अर्थ मन्त्रालय | ४२११३२९ | प्रतिनिधि, अर्थ मन्त्रालय, विभागीय मन्त्रीस्तर निर्णयबाट मनोनित |
| ४ | सदस्य, मनोनित | श्री गौरी कुमारी यादब | २०६८/५/२ (३ वर्ष अवधि) | पोखरभिण्डा, संग्रामपुर-७, | | कृषि विकास मन्त्रालयले तोकेको |

| क्र. सं | पद | हाल बहालवाला पदाधिकारीको नाम | नियुक्ती मिति | सम्पर्क ठेगाना | सम्पर्क फोन नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | महोत्तरी | | सम्वन्धित विषय विशेषज्ञ, विभागीय मन्त्रीस्तर निर्णयबाट मनोनित |
| ५ | सदस्य सचिव | रिक्त (हाल श्री प्रदिप कुमार यादव, महाशाखा प्रमुख, अधिकृत द्वितीय, उत्पादन व्यवस्थापन महाशाखा, रा.बी.बि.क. लि. लाई नि.प्रवन्ध संचालक तोकिएको) | २०६८/११/१५ (नियमानुसार प्रबन्ध संचालकको अवधि ३ वर्ष हुने) | राष्ट्रिय बीउ बिजन कम्पनी लि. | ४२७९५८७ | मा.मन्त्रिस्तरको मिति ०६८।११।१५ को निर्णयानुसार तोकिएको |

## ४. बजेट रकम श्रोतहरू

बजेट रु. हजारमा

| आ.ब. | आफ्नै श्रोत | नेपाल सरकार | अन्य श्रोत | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| २०६४/६५ | | ५०० | | ५०० | अनुदान |
| २०६५/६६ | | ५०० | | ५०० | ,, |
| २०६६/६७ | | ५०० | | ५०० | ,, |
| २०६७/६८ | | ५०० | | ५०० | ,, |
| २०६८/६९ | | ५०० | | ५०० | ,, |
| २०६८/६९ | कृषकहरुलाई उन्नत बीउ बिजन खरिद मूल्यमा अनुदान उपलव्ध गराउने नीति अनुरुप आ.ब.२०६८/६९ मा करिब रु. ९४६.८४८ मे.टन को उन्नत धान बीउको हुने रकम रु. १०५,५०,५८४।५० नेपाल सरकारबाट अनुदान स्वरुप प्राप्त भएको आ.ब.को समाप्ति पछि सोको यथार्थ विवरण कृषि बिकास मन्त्रालयमा पेश गरिनेछ। | | | | |

नोटः अनुदान वाहेक खर्च हुने बजेट रकम आफ्नै श्रोतबाट व्यहोरिएको।

## ५. अन्तर्गतका निकाय/कार्यालयहरूको विवरण

| क्र. सं | निकाय/कार्यालय | मुख्य कार्यहरू/प्रदान गरिने सेवाहरू | ठेगाना | सम्पर्क व्यक्तिको नाम | फोन नम्बर | फ्याक्स नम्बर | वेव साईट तथा ईमेल |
|---|---|---|---|---|---|---|---|
| १ | मुख्य शाखा कार्यालय | कृषक स्तरमा बीज वृद्धि कार्यक्रम संचालन गरी उक्त कार्यक्रमबाट बीउ संकलन, प्रशोधन एवं विषादीले उपचार | ईटहरी | भगवानलाल साह | ०२५५८१०२२ | | |

| क्र. सं | निकाय/कार्यालय | मुख्य कार्यहरू/प्रदान गरिने सेवाहरू | ठेगाना | सम्पर्क व्यक्तिको नाम | फोन नम्बर | फ्याक्स नम्बर | वेव साईट तथा ईमेल |
|---|---|---|---|---|---|---|---|
| | | गरिएको बीउ बिजन विक्री गर्ने गरेको | | | | | |
| २ | बीउ बिजन उत्पादन फार्म | प्रजनन्, मूल तथा उन्नत बीउ उत्पादन गर्ने गरेको | झुम्का | राजेश्वर श्रेष्ठ | ०२५५६६१५२ | | |
| ३ | शाखा कार्यालय | कृषक स्तरमा बीज वृद्धि कार्यक्रम संचालन गरी उक्त कार्यक्रमबाट बीउ संकलन, प्रशोधन एवं विषादीले उपचार गरिएको बीउ बिजन विक्री गर्ने गरेको | जनकपुर | देवन्द्र कुमार साह | ०४१५२०१४७ | | |
| ४ | मुख्य शाखा कार्यालय | कृषकस्तरमा विज वृद्धि कार्याक्रम संचालन गरी उक्त कार्यक्रमबाट बीउ संकलन, प्रशोधन एवं विषादीले उपचार गरिएको बीउ बिजन विक्री गर्ने गरेको | हेटौंडा | महेश कुमार पौडेल | ०५७५२०३५७ | | |
| ५ | मुख्य शाखा कार्यालय | कृषकस्तरमा विज वृद्धि कार्याक्रम संचालन गरी उक्त कार्यक्रमबाट बीउ संकलन, प्रशोधन एवं विषादीले उपचार गरिएको बीउ बिजन विक्री गर्ने गरेको | भैरहवा | अव्दुल मावुद खाँ | ०७१५२०६२३ | | |
| ६ | शाखा कार्यालय | कृषकस्तरमा विज वृद्धि कार्याक्रम संचालन गरी उक्त कार्यक्रमबाट बीउ संकलन, प्रशोधन एवं विषादीले उपचार गरिएको बीउ बिजन विक्री गर्ने गरेको | नेपालगञ्ज | गणेश राज पन्थी | ०८१५२०२२२ | | |
| ७ | शाखा कार्यालय | कृषकस्तरमा विज वृद्धि कार्यक्रम संचालन गरी उक्त कार्यक्रमबाट बीउ संकलन, प्रशोधन एवं विषाधीले उपचार गरिएको बीउ बिजन विक्री गर्ने गरेको | धनगढी | रमेश प्रसाद चौधरी | ०९१५२१४१० | | |

## ६. हाल प्रदान गरिएका सेवाहरू

| क्र. सं. | सेवाको किसिम | लक्षित समुदाय | शुल्क लाग्ने/ नलाग्ने | सेवा लिने मुख्य प्रकृयाहरू | कैफियत |
|---|---|---|---|---|---|
| १ | बीउ बिजन उत्पादन प्रविधि प्रचार प्रसार एवं विस्तार | कृषक | नलाग्ने | | |
| २ | सहुलियत दर रेटमा बीउ बिजन विक्री वितरण | कृषक | लाग्ने | | |
| ३ | बीउ उत्पादन सम्वन्धी प्रावधिक सल्लाह | कृषक | नलाग्ने | | |
| ४ | बीउ उत्पादन, प्रशोधन,संचय एवं वजार व्यवस्था सम्वन्धी निजी कम्पनीहरुलाई प्राविधिक सल्लाह दिने | कृषक | नलाग्ने | | |

## ७. संस्था स्थापना भएपछि हालसम्म हाँसिल भएका मुख्य–मुख्य उपलब्धिहरू

साबिक कृषि सामग्री संस्थान, मिति २०५९।१।२५ मा बिघटन भइ (राष्ट्रिय बीउ बिजन कम्पनी लि. स्थापना पश्चात्) मुलुकमा कृषकहरुको माग अनुसार यस कम्पनीले बिभिन्न बीउ बिजन सर्बसुलभ रुपमा बिक्री बितरणको कार्य गर्दै आएको छ।

- कम्पनी स्थापना भइ कारोवार सुरु गरेपश्चात् संस्थानबाट हस्तान्तरण भइ आएका मध्ये हाल बिभिन्न श्रेणीका स्थायी ३६ जना र ज्यालादारी/करार ३९ जना गरी जम्मा ७५ जना कर्मचारीहरु कार्यरत रहेका छन्।
- कम्पनीले २००० मे.टन.बाट सुरु गरेको बीउ बिजनको कारोवारमा वृद्धि गरी हाल करिव ५००० मे.टन. सम्मको बीउ बिजनको कारोवार गर्न कम्पनी सक्षम रहेको छ। साथै रकम तर्फ कम्पनीको सुरुको कारोवार रु.४ करोडबाट वृद्धि भई हाल करिव रु.१९ करोडको कारोवार गर्ने लक्ष रहेको छ। यो नै कम्पनीको मुख्य उपलव्धी रहेको छ।
- बिगत ५ बर्षको बीउ खरिद र बिक्रीको तालिका र चालु आ.ब.२०६८/०६९ को अनुमानित खरिद बिक्रीको तालिका निम्नानुसार रहेको छ।

# बिगत ५ बर्षको बीउ बिजनको खरिद विक्री बिबरण

**बिक्री विवरण**
**परिमाणः मे.टन**

| क्रसं | कार्यालय | आ.ब.२०६३/०६४ | | आ.ब.२०६४/०६५ | | आ.ब.२०६५/०६६ | | आ.ब.२०६६/०६७ | | आ.ब.२०६७/०६८ | | आ.ब.२०६८/०६९ (अनुमानित) | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लक्ष | प्रगति | लक्ष | प्रगति | लक्ष | प्रगति | लक्ष | प्रगति | लक्ष | प्रगति | लक्ष | प्रगति |
| १ | धान | १,००० | ६६१.४८० | १,१८३ | ८५.९५ | १,१००.० | ९३१.२७ | १,२००.० | ८५०.१ | १,९००.० | १,२०९.०८ | ३,०००.० | १,५०० |
| २ | गहुं | २,४०० | २,४७६.४६ | ३,२०० | २,८७८.५ | ३,५००.० | ३,०१५.८९ | ३,०००.० | ३,४८७.१ | ३,१००.० | २,९८२.५५ | ३,६००.० | २,२०० |
| ३ | मकै | ३२.५०० | १९.१९६ | ४५.० | ०.६४१ | २५.० | ०.२५१ | २०.० | ०.१० | २०.० | ०.८४० | १००.०० | १.० |
| ४ | मुसरो | ३७.५०० | २६.७२७ | ४७.० | ४.९६३ | ३०.० | ५.६८८ | ६.५० | ६.३९९ | २८.००० | १२.७२६ | ५१.७०० | २.० |
| ५ | राजमा | | | | | | | | | ६.५०० | | ६.००० | |
| ६ | जुट | ७.५०० | १.९४६ | ५.१५ | १.४८४ | ४.० | २.७४५ | ३.० | १.१३२ | २.००० | | १०.००० | |
| ७ | तोरी | ४.७०० | ४.३५६ | ७.१० | १.०१७ | ५.० | १.३७५ | १.१० | १.५६८ | ६.८०० | ३.०२३ | १६.४०० | २.० |
| ८ | ढैंचा | २.५०० | १.६०० | ४.० | ०.४०० | २.० | ०.२०० | २.५० | १.५१० | ४.००० | २.०१६ | ५.००० | १.० |
| ९ | बर्षिम | | | १.८० | | | | | | | | ५.००० | |
| १० | जै | | | | | | | ०.५० | | | | ५.००० | |
| ११ | अन्य बीउ ( मुंग/चना) | | | | | | | | | | | ५.० | |
| १२ | तरकारी | १५.५० | | १२.२० | १६.००० | १८.० | ५.०४८ | १०.३० | ६.२७५ | ७.८०० | ०.७४७ | १०.० | २.० |
| | **जम्मा :** | **३,५००** | **३,१९१.७७२** | **४,५०५** | **३,७८८.९९** | **४,६८४.०** | **३,९६२.४६** | **४,२४३.९** | **४,३५४.२** | **५,०७५.१** | **४,२१०.९९** | **६,८१४.१** | **३,७०८** |

**खरिद बिबरण** | **परिमाण: मे.टन**

| क्रसं | कार्यालय | आ.ब.२०६३/०६४ | | आ.ब.२०६४/०६५ | | आ.ब.२०६५/०६६ | | आ.ब.२०६६/०६७ | | आ.ब.२०६७/०६८ | | आ.ब.२०६८/०६९ (अनुमानित) | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
